# जाजरकोट लगायत मध्य तथा सुदूर पश्चिमका जिल्लाहरुमा झाडापखाला /हैजाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्य पदार्थको वितरण सम्बन्धमा गरिएको अनुगमन/अनुसन्धान प्रतिवेदन



राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

# जाजरकोट लगायत मध्य तथा सुदूर पश्चिमका जिल्लाहरुमा झाडापखाला/हैजाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्य पदार्थको वितरण सम्बन्धमा गरिएको अनुगमन/अनुसन्धान प्रतिवेदन

## राष्ट्रिय मानव अधिकार आयोग

हरिहर भवन, ललितपुर

**प्रकाशन मिति** : २०६६ कार्तिक

**संस्करण** : प्रथम १५०० प्रति

**लेखन/सम्पादन** : वेदप्रसाद भट्टराई
श्रीराम अधिकारी

**अनुगमन/अनुसन्धान** : वेदप्रसाद भट्टराई
मुरारीप्रसाद खरेल
सरिता ज्ञवाली
श्रीराम अधिकारी
रमेशकुमार थापा
ठाकुरप्रसाद चापागाई
चन्द्रकान्त चापागाईं
भीमप्रकाश वली
जीवन न्यौपाने

**प्रकाशक** :
**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहर भवन, ललितपुर

# भूमिका

नेपालको सुदूर तथा मध्यपश्चिम क्षेत्रमा २०६६ सालको प्रारम्भसँगै देखा परेको झाडापखालाको महामारीबाट जाजरकोट, रूकुम, दैलेख आदि जिल्लाहरू सबैभन्दा बढी प्रभावित हुन पुगे भने आसपासका जिल्लाहरूमा पनि यसको प्रकोप फैलियो। यस महामारीबाट करिब चारसय जनाको मृत्यु भएको तथा चौसठ्ठी हजारभन्दा बढी बिरामी भई उपचार पश्चात घर फर्केको स्थिति छ।

आम नागरिकमा रहेको स्वास्थ्यको अधिकार, जीवनको अधिकारसँग सम्बन्धित हुँदाहुँदै पनि स्वास्थ्य उपचारको अभावमा यति धेरै संख्याका झाडापखाला संक्रमित बिरामीहरूको मृत्यु भएको भन्ने दुखद् समाचारहरू प्रकाशमा आए। नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा ११ मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ ले स्वास्थ्यको अधिकारलाई आधारभूत अधिकारकोरूपमा प्रत्याभूत गरेको छ ।

प्रभावित जिल्लाहरूमा झाडापखालाको प्रकोपसँगै अखाद्य खाद्यान्न पनि पाइएको तथा मानिसले खान नमिल्ने खाद्यान्न पनि वितरण भएको भन्ने समाचारहरू प्रकाशित भए। आम नागरिकको खाद्यको अधिकारलाई संविधान तथा नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रले स्वीकार गरेको अवस्था छ। मानव अधिकारहरू मध्ये सर्वाधिक महत्वपूर्ण अधिकार नै खाद्यको अधिकार हो जुन सोझै नागरिकको जीवनको अधिकारसँग जोडिएको हुन्छ। साथै नागरिकको खाद्यान्नको अधिकार राज्यले सुनिश्चित गर्दा खाद्यान्न माथि नागरिकको निर्बाध पहुँच, पर्याप्त खाद्यान्न, आफ्नो धर्म संस्कृति सुहाउँदो, आम नागरिकको क्रयशक्तिले भ्याउने, पोषणयुक्त, शुद्ध र स्वस्थ्य अवस्थाको हुनु पर्ने भन्ने सर्वव्यापी व्याख्या रही आएको छ।

यस तथ्यलाई मनन् गर्दै अखाद्य वस्तुको प्रयोग तथा वितरण भएको हो होइन भन्ने सम्बन्धमा आयोगको ध्यानाकर्षण भई उच्चस्तरीय टोलीहरूमार्फत स्थालगत छानविन, अनुसन्धान एवं अनुगमन गरिएको थियो। यस सम्बन्धमा आयोगले विभिन्न चरणहरूमा सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय गर्दै छलफल, परामर्श तथा तथ्य एवं प्रमाणहरू संकलन गरी सर्व साधारणको जानकारीको लागि यो प्रतिवेदन प्रकाशन गरेको छ।

अन्त्यमा, आयोगको अनुगमन/अनुसन्धानको क्रममा सत्यतथ्य, सूचना तथा प्रमाणहरू संकलनमा सहयोग पुर्‍याउनु हुने मानव अधिकारकर्मीहरू, संचारकर्मीहरू, सरकारी निकायहरूमा कार्यरत राष्ट्र सेवक कर्मचारीहरू, जन प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू लगायत सबैप्रति आयोग विशेष आभार प्रकट गर्दछ।

**– राष्ट्रिय मानव अधिकार आयोग**

# बिषय सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | संचार माध्यममा आएका समाचारहरू | २ |
| ३. | आयोगको अनुगमन प्रतिवेदन सार्वजनिक | ३ |
| | ३.१ मृतक तथा बिरामी संख्या | ४ |
| | ३.२ रोग फैलनुको कारण | ४ |
| | ३.३ महामारी नियन्त्रणमा भएको सरकारी र अन्य प्रयास | ५ |
| ४. | प्रभावित क्षेत्रमा आयोगको उपस्थिति | ५ |
| ५. | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को प्रतिवेदन सार्वजनिक | ६ |
| ६. | आयोगले आयोजना गरेको परामर्श कार्यक्रम | ७ |
| ७. | आयोगले भैरहवामा गरेको अनुसन्धान/छानविन | ८ |
| ८. | आयोगले संकलन गरी ल्याएको खाद्यान्नको नमूना परीक्षण | १३ |
| ९. | खाद्य गुणस्तर तथा वितरणको लागि तोकिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड | १४ |
| १०. | खाद्यान्न र झाडापखालासम्बन्धी विषय र मानव अधिकार | १६ |
| ११. | विश्लेषण तथा निष्कर्ष | १८ |
| १२. | आयोगको सिफारिस | २१ |
| | क) नेपाल सरकारलाई | २१ |
| | ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई | २२ |
| | ग) संयुक्त राष्ट्रसंघीय प्रणालीमार्फत विश्व खाद्य कार्यक्रम नेपाललाई | २३ |
| १३. | अनुसूचीहरू | २४ |

## १. पृष्ठभूमि (Background)

नेपालको मध्यपश्चिमाञ्चलका विभिन्न जिल्लाहरू मध्ये जाजरकोटमा २०६६ सालको शुरूवात सँगै फाट्टफुट्ट रूपमा देखिएको झाडापखालाको प्रकोपले महामारीको रूप लिई सो क्षेत्रका अन्य जिल्लाहरूमा पनि जेठ, असार पछि यसको प्रकोप देखिन थाल्यो। जाजरकोट जिल्लामा सवैभन्दा पहिले देखिएको यो प्रकोपले देशभरीको ध्यान खिच्यो। प्रकोपले तीनसय भन्दा बढि नेपालीको ज्यान लियो। सरकारी तथ्याङ्क अनुसार चालिस हजार भन्दा बढि प्रभावितहरूले उपचार प्राप्त गरे। प्रकोप नियन्त्रणको लागि नेपाल सरकारले आफ्नो क्षेत्रबाट कार्य गरी रहेको जानकारीहरू आएता पनि सरकारी प्रयास फितलो र अप्रभावकारी भएको व्यापक गुनासाहरू भए। रोकथामको लागि झाडापखाला प्रभावित क्षेत्रलाई स्वास्थ्य संकटग्रस्त क्षेत्र घोषणा गरी प्रकोप नियन्त्रण गर्नुपर्ने कुरा सदन देखि सडकसम्म उठे। राष्ट्रिय मानव अधिकार आयोगले पनि नेपाल सरकारलाई सो सम्बन्धमा २०६६ श्रावण २० गते पत्रकार सम्मेलनमार्फत सिफारिश गरी जानकारी गरायो। मानव अधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संघ, संस्थालगायत सरोकारवाला सवैले प्रकोप नियन्त्रणको लागि नेपाल सरकारलाई दबाव दिए।

जाजरकोट लगायतका जिल्लाहरूमा फैलिएको भाडापखालाको प्रकोप सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगमा सर्वप्रथम संचार माध्यमहरूबाट सूचना तथा जानकारी प्राप्त हुन आएको थियो। त्यसैगरी मानव अधिकारकोक्षेत्रमा कार्यरत स्थानीय संघ संस्थाहरूबाट पनि आयोगले विविध सूचना एवं जानकारीहरू हासिल गरयो। आयोगमा प्राप्त जानकारीहरू जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने खाद्यान्न एवं बाँच्न पाउने अधिकार जस्ता गंभीर बिषयसँग सम्बन्धित थिए। सो बिषयलाई लिएर मिति २०६६ असार २६ गते आयोगले विज्ञप्ती मार्फत नेपाल सरकारको ध्यान आकृष्ट गरेको थियो। अखाद्य पदार्थको सेवनबाट झाडापखाला फैलिएको र जनस्वास्थ्यमा प्रभाव परेको हुन सक्ने तथा उक्त जिल्लाहरूमा अखाद्य पदार्थको पनि बितरण भएको भन्ने दुईवटा मूलभूत बिषयहरूमा आयोगले सत्यतथ्य पत्ता लगाउनु पर्ने अवस्था देखियो।

खाद्य अधिकार तथा स्वास्थ्यको अधिकार जीवनको अधिकारसँग सम्बन्धित भएकाले आयोगको दुईवटा उच्चस्तरीय अनुगमन टोली जसको नेतृत्व आयोगका निर्देशक तथा उप निर्देशकबाट गरिएको थियो। टोलीहरूबाट प्रकोप प्रभावित जिल्लाहरूमा मानव अधिकारको सर्वव्यापी सिद्धान्त र कानूनहरूको आधारमा अनुगमनको कार्य सम्पन्न

गरी, नेपाल सरकारलाई पत्रकार सम्मेलन मार्फत सिफारिस समेत गर्‍यो।[1] राष्ट्रिय मानवअधिकार आयोगबाट खटिएको अनुगमन टोलीले स्थलगत भ्रमण, तथ्य संकलन, स्वास्थ्यकर्मी, पीडित व्यक्तिहरु, सरकारी निकायलगायत विभिन्न सरोकारवालासँग गरेको भेटघाट, छलफल तथा अन्तरक्रिया समेतका आधारमा प्रतिवेदन तयार गरेको थियो। आयोगको टोलीले स्वास्थ्य तथा जनसंख्या मन्त्री उमाकान्त चौधरी, सभासद रामचन्द्र पौडेल, मायाप्रसाद शर्मा, भक्तबहादुर शाह, मोहमम्द इस्तिहाक राई लगायतसँग पनि बितरित खाद्यान्न तथा झाडापखालाको महामारी सम्बन्धमा छलफल गरेको थियो।

झाडापखालाको कारक तत्व प्रदुषित पानी मात्र नभई संयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रमले बितरण गरेको अखाद्य अन्न पनि भएको शंका गरिएको स्थिति रह्यो। प्रभावित जिल्लाहरूमा आम मानिसले खान नमिल्ने खाद्यान्न वितरण भएको भन्ने तथ्य आयोगको अनुगमन, संचारकर्मीहरू, संचार माध्यम तथा मानव अधिकारको क्षेत्रमा कार्य गर्ने संस्थाहरूवाट पनि आएको परिप्रेक्ष्यमा अखाद्य वस्तुको वितरण जन स्वास्थ्यको र मानव अधिकार रक्षाको प्रतिकुल विषय भएकाले सो सन्दर्भमा आयोगको गंभीर ध्यानाकर्षण हुन आयो। आयोगको अनुगमन प्रतिवेदनले औंल्याएका गंभीर प्रकृतिका कुराहरू जुन प्रत्यक्षरूपमा जनस्वास्थ्य र मानव अधिकारसँग सम्वन्धित थिए। तिनमा केन्द्रीत रही आयोगले अनुसन्धानको कार्यसमेत सम्पन्न गर्‍यो। यस सिलसिलामा प्रकोप प्रभावित जिल्लाहरूवाट ल्याइएको खाद्यान्नको नमूनाहरूको परीक्षण खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा सम्पन्न गरिएको थियो।

## २. संचार माध्यममा आएका समाचारहरु (News Reports)

२०६६ सालको शुरूवात सँगै फाट्टफुट्ट रूपमा देखा परेको झाडापखालाले प्रकोपको रूप लिई दुर्गम तथा ग्रामीण क्षेत्रका सर्वसाधारण नागरिकहरूको ज्यान जान थाले पछि अमसंचार माध्यममा यसले दिनहुं स्थान पायो। यसै क्रममा विश्व खाद्य कार्यक्रमले सडेको खाद्यान्न[2] आपूर्ति गरेको भन्ने समाचारहरू पनि सार्वजनिक भए। मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले झाडापखाला प्रभावित जिल्लाहरूमा विश्व खाद्य कार्यक्रमले अखाद्य अन्न वितरण गरेको भन्ने तथ्य सार्वजनिक गर्‍यो।[3] त्यसै गरी

1 आयोगले गरेको अनुगमन तथा सिफारिस अनूसुची १ मा राखिएको छ।

2 http://www.nepalnews.com/main/index.php/news-archive/2-political/1028-wfp-supplied-decayed-food-in-jajarkot.html

3 http://www.nepalnews.com/main/index.php/news-archive/2-political/1028-wfp

संयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रम (UNWFP) र विश्व स्वास्थ्य सगंठन (WHO) ले संयुक्तरूपमा विज्ञप्ती जारी गरी संचार माध्यममार्फत विश्व खाद्य कार्यक्रमले अखाद्य खाद्य पदार्थ बाँडेको भन्ने समाचार भ्रामक रहेको र त्यसमा कुनै सत्यता नभएको दावी लिए।[4] यसै क्रममा आमसंचार माध्यममा आएका समाचारहरू तथा इन्सेकले लिएको दावी पश्चात विश्व खाद्य कार्यक्रमले खाद्यान्न अभाव ग्रस्त क्षेत्रमा अब आइन्दा खाद्यान्न नबाँड्ने भन्ने कुराहरू पनि संचारमाध्यमहरूमा आए।

आमसंचार माध्यममा विश्व खाद्य कार्यक्रमले मानव उपभोगको लागि अनुपयुक्त र अखाद्य पदार्थ बाँडेको भन्ने समाचारको सत्यता बुझ्न नेपाल सरकारले आफ्ना प्रतिनिधिहरू पनि त्यसतर्फ पठाएको थियो। तत्पश्चात नेपाल सरकारले विश्व खाद्य कार्यक्रमलाई एक पत्र पठाई जाजरकोट लगायतका जिल्लाहरूमा फैलिएको भाडापखालाको कारण त्यहाँ वितरित खाद्यान्न नभएको भन्ने जानकारी दियो। तर नेपाल सरकारले त्यहाँ वितरित खाद्यान्नहरू मानव उपभोग्य र आम जनस्वास्थ्यको प्रतिकुल हुने किसिमको थियो कि थिएन भन्ने सम्वन्धमा कुनै कुरा उल्लेख गरेको पाईएन ।

## ३. आयोगको अनुगमन प्रतिवेदन सार्वजनिक (Making NHRC Monitoring Report Public)

मध्यपश्चिमाञ्चलका जाजरकोट, रूकुम, दैलेख, सल्यान लगायत विभिन्न जिल्लाहरूमा फैलिएको झाडापखाला/हैजा रोगबाट सयौंको मृत्यु भएको, हजारौं मानिसहरु रोगबाट प्रभावित भई उपचारको क्रममा रहेका, प्रभावित जिल्लाहरुमा देखिएको स्वास्थ्य सङ्कट र त्यसलाई नियन्त्रणमा लिन भइरहेको उद्धार प्रयास तथा सत्यतथ्य बुझ्न एवं खाद्यान्न, स्वास्थ्य र जीवनको अधिकारको अवस्थाको बारेमा अनुगमन गर्न आयोगबाट खटिएको उच्चस्तरीय दुईवटा अनुगमन टोलीले छुट्टाछुट्टै स्थलगत अनुगमन गरेको थियो। अनुगमन टोलीबाट प्राप्त प्रतिवेदन आयोगले २०६६ श्रावण २० गते सार्वजनिक गरेको थियो।

अनुगमनको क्रममा आयोगको टोलीले २०६६ श्रावणमा प्राप्त गरेका तथ्यहरुको मूख्य अंश निम्नानुसार छन् :

4 Source: Nepalnews.com Friday, 21 August 2009

### ३.१ मृतक तथा बिरामी संख्या[5]

क) सरकारी तथ्याङ्कअनुसार प्रभावित जिल्लाहरुमा मृतकको संख्या यस अनुसार देखिन्छ: जाजरकोट-१४२, रूकुम-३८, दैलेख-१०, कालिकोट-१, सुर्खेत-१०, दाङ-१, रोल्पा-२, सल्यान-५, डोल्पा-६, जम्मा-२१८।[6]

ख) क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतको तथ्याङ्कअनुसार मध्यपश्चिमाञ्चलका बाँके र दाङबाहेक १३ जिल्ला प्रभावित भएको र ती जिल्लाहरुमा २७२ जनाको मृत्यु र २४,४५४ जनाको उपचार गरिएको भन्ने पाइएको छ। मृत्यु हुनेमा पुरूष ९३, महिला ८९ र नावालक ९० जना रहेको देखिन्छ। यसरी सरकारी निकायकै तथ्याङ्कहरुमा एकरुपता नभएको पाइन्छ।[7]

### ३.२ रोग फैलनुको कारण

आयोगको अनुगमन टोलीको प्रतिवेदनको आधारमा रोग फैलनुका प्रमुख कारणहरू देहायअनुसार रहेका छन् :

१) दिसा मिसिएको प्रदुषित पानीको प्रयोग रोग फैलिने मुख्य कारण भनिएको।

२) स्वास्थ्य केन्द्रहरुमा सुरूमा जीवनजल र औषधीहरु समेत नभएको।

३) जिल्लामा ल्याब परीक्षणको व्यवस्था नभएको हुँदा परीक्षण बिना नै बिरामीहरुलाई औषधी वितरण गरिएको।

४) स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकीहरुमा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरु नभएकोले रोग समयमा नै नियन्त्रण हुन नसकेको।

५) अज्ञात सरूवा रोग फैलिरहेको भन्ने त्रास र भय जनमानसमा रहेको कारण बिरामीका आफ्नै परिवारका सदस्य र गाउँलेहरुले समेत बिरामीलाई उपचारमा नलैजाने गरेकाले मृतकहरुको सङ्ख्या बढेको।

६) विभिन्न संस्थाहरुवाट बिक्रीवितरण गर्ने खाद्यान्न (दाल, चामल) को गुणस्तरमा समेत शङ्का गरिएको अवस्था रहेको।

---

5 नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले आयोगलाई दिएको पछिल्लो जानकारी अनुसार २०६६ बैशाख देखि आश्विन ८ गते सम्मको अवधिमा जम्मा ३६६ जनाको मृत्यु भएको र ६४,४७२ जना उपचार पश्चात घर फर्केको।

6 आयोगको अनुगमन प्रतिवेदनको आधारमा।

7 यो तथ्याङ्क संचार माध्यममा आएका समाचारहरू अनुसार प्रत्येक दिन बढ्दै गएको पाइयो।

### ३.३ महामारी नियन्त्रणमा भएको सरकारी र अन्य प्रयास

झाडापखाला/हैजाबाट सयौंको मृत्यु तथा हज्जारौं मानिस बिरामी भएपश्चात प्रधानममन्त्री माधवकुमार नेपालले २०६६ श्रावणको दोश्रो सातामा र स्वास्थ्यमन्त्री उमाकान्त चौधरीले श्रावणको चौथौ सातामा जाजरकोट जिल्लाको भ्रमण गरी महामारी नियन्त्रणको लागि आवश्यक निर्देशन दिनु भयो। सरकारले सुर्खेत स्थित क्षेत्रिय स्वास्थ्य निर्देशानलयमा नियन्त्रण कक्ष खडा गरी केन्द्रबाट एकजना निर्देशकलाई खटाएको थियो। नियन्त्रण कक्षले मध्य तथा सुदूर पश्चिममा दैनिक रूपमा झाडापखाला भएको मृत्यु, बिरामीको संख्या, औषधीको माग संकलन, औषधी आपूर्तिको व्यवस्था मिलाउने कार्य गर्‍यो। प्रभावित सवै जिल्लाहरूमा दरवन्दी अनुसार स्वास्थ्यकर्मीहरू नभएकोमा डडेलधुरामा मात्र आवश्यक स्वास्थ्यकर्मीहरू भर्ना गरी कार्य गर्न निर्देशन दिएको बुझियो।

नेपाली सेना, सशस्त्र प्रहरी, नेकपा माओवादीका कार्यकर्ताहरू समेतले आ-आफ्नै ढंगबाट स्वास्थ्य शिविरहरू संचालन, औषधि वितरण आदि कार्यहरू गरेको बुझियो। र राजनैतिकदलका नेताहरूले त्यस क्षेत्रलाई स्वास्थ्य संकटग्रस्त क्षेत्र घोषणा गर्न सरकारसँग माग गरे। जाजरकोटमा स्थानिय समाजसेवीहरूको भुमिका उल्लेखनिय मानियो भने प्रभावित क्षेत्रमा नेपाल प्रहरी, मानव अधिकारकर्मी, पत्रकारहरू, काठमाण्डौबाट गएको अल्का अस्पतालको टोली आदिको भूमिका पनि उल्लेखनिय रह्यो। नेपाल सरकारकोतर्फबाट नेपाली सेना, सशस्त्र प्रहरीले विरामीहरूलाई स्वास्थ्य शिविरसम्म ल्याई उपचार गराए भने स्वास्थ्य सेवा विभाग तथा स्वास्थ्य मन्त्रालयबाट स्वास्थ्य शिविरहरूमा (सदरमुकाम बाहेक) हे.अ., अ.हे.व बाहेक एउटै पनि मेडिकल डाक्टरहरू खटाइएको कुरा नियन्त्रण कक्षबाट बुझ्दा पाइएन। भौगौलिक विकटता मौसमको खराबी, सदरमुकाममा आवश्यक समन्वयको अभाव, औषधि वितरणमा अव्यस्था, सरकारी स्वास्थ्य पदाधिकारीहरू बीच नै महामारीको विषयमा मत भिन्नता जस्ता कुराहरूले झाडापखाला नियन्त्रणमा कठिनाइ भइरह्यो। इपिडेमियोलोजी तथा रोग नियन्त्रण तथा महाशाखाका प्रमुखको अनुपस्थिति पनि संचार माध्यमहरूमा र स्वयं स्वास्थ्यकर्मीहरू बीच पनि आलोचनाको विषय बनिरहेको पाइयो।

## ४. प्रभावित क्षेत्रमा आयोगको उपस्थिति
## (NHRC's Prsence in Affected Areas)

आयोगको अनुगमन टोलीले अनुगमनको सिलसिलामा नेपालगंज, सुर्खेत, जाजरकोट,

चौरजहारी (रूकुम), सल्यान, आदि स्थानमा स्थलगत भ्रमण, अनुगमन छानवीन, खाद्यान्न भण्डारण गरिएको स्थानहरू, स्थानीय वासिन्दाले प्रयोग गर्ने खाद्यान्नको अवस्था, औषधी एवं उपचारसँग सम्बन्धित कुराहरू, स्वास्थ्यकर्मीहरू, पीडित व्यक्तिहरु, सरकारी निकाय, मानव अधिकारकर्मी, पत्रकार लगायत बिभिन्न सरोकारवालाहरूसँग गरेको भेटघाट, छलफल तथा अन्तरक्रिया समेतका आधारमा सूचना एवं तथ्यहरू संकलन गरी अनुगमन प्रतिवेदन तयार गरेको थियो। काठमाण्डौमा पनि विभिन्न सरकारी निकायहरूसँग ति निकायहरूबाट भए गरेका कामहरूको बारेमा विविध तथ्याङ्क एवं सूचनाहरू संकलन गरेको थियो। आयोगको दुईवटा टोलीहरूले मिति २०६६ श्रावण १६ देखि २८ गतेसम्म प्रभावित क्षेत्रहरूको विभिन्न स्थानहरूमा अनुगमनको कार्य गरेको थियो। पछि २०६६ भाद्रको अन्तिम साता अनुसन्धान तथा छानबिनको क्रममा आयोगको टोली भैरहवा समेत पुगेको थियो।

## ५. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को प्रतिवेदन सार्वजनिक (Dissemination of INSEC Report )[8]

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मिति २०६६ श्रावण ३१ गतेका दिन जाजरकोट लगायतका जिल्लामा फैलिएको झाडापखाला र त्यहाँ वितरित खाद्यान्नको सम्वन्धमा मानव अधिकार संस्था इन्सेकले आफुले गरेको अनुगमन प्रतिवेदन सार्वजनिक गरेको थियो। प्रतिवेदन सार्वजनिकको क्रममा इन्सेकले सरकारलाई विभिन्न संघ संस्थाहरूले बितरण गर्ने खाद्यान्नको गुणस्तर नियन्त्रण र अनुगमन गर्न तथा यथेष्ट रूपमा खाद्यान्नको आपूर्ति गर्न आव्हान गरेको थियो। प्रतिवेदनमा स्वास्थ्य र मानवोचित खाद्यान्नको वितरणको लागि खाद्यान्न वितरण हुने बिन्दु देखि नै सरकारले अनुगमन गर्नु पर्ने कुराहरू सार्वजनिक गरिएको थियो। उक्त प्रतिवेदन सार्वजनिक गर्ने क्रममा इन्सेकले जम्मा २०६६ श्रावण ३० सम्म, जम्मा ३९४ जनाको मृत्यु भएकोमा १९० जना पुरूष तथा २०४ जना महिला रहेका थिए। सो मध्ये १२४ जना बालबालिकाहरू रहेको तथ्य सार्वजनिक गरेको थियो। मृत्यु हुनेहरूमा दलित जातीका मानिसहरूको संख्या अधिक रहेको जानकारी सो प्रतिवेदनमा समेटिएको थियो।

गुणस्तरहीन खाद्यान्नको बितरण तथा उपभोग, समय सीमा नाघेको पानी शुद्धीकरण गर्ने औषधीहरू प्रभावित क्षेत्रमा पाइएको थियो। अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी

8 स्रोत : http://inseconline.org/linkedfile/Pressmeet_15Aug_Eng.pdf

संघ संस्थाहरूले अखाद्य पदार्थ वितरण गरेको विषय समेतलाई इन्सेकले गम्भीरतापूर्वक उठाएको थियो। झाडा प्रभावित क्षेत्रको मानिसहरूले उपभोगको लागि घरमा राखेको खाद्यान्न मुचुल्का गरी इन्सेकले ल्याएको र सो को गुणस्तर परीक्षण गर्न उपभोक्ता संरक्षण मन्चका प्रतिनिधिलाई एक सार्वजनिक कार्यक्रममा नै हस्तान्तरण गरेको थियो। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले परीक्षणपश्चात उक्त नमूना खाद्यान्न मानव उपभोगको लागि योग्य नभएको जनाएको थियो।

## ६. आयोगले आयोजना गरेको परामर्श कार्यक्रम (NHRC Consultation Program)

जाजरकोट लगायतका जिल्लाहरूमा फैलिएको झाडापखालाबाट भएका बिरामी र सर्वसाधारणको कारक तत्व ती जिल्लाहरूमा वितरित जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने अखाद्य अवस्थाका खाद्य पदार्थहरू भएको भन्ने समाचार तथा सूचनाहरू संचार माध्यमहरू तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरूबाट क्रमिक रूपमा आईरहयो। यस विषयमा आयोगको गंभीर ध्यानाकर्षण हुन गई आयोग आफैंले गरेको अनुगमनबाट प्राप्त तथ्यहरू पनि सरोकारवालाहरूसँग बसेर छलफल गर्न आवश्यक ठानी आयोगले २०६६ साल भाद्र २२ गते यस सम्बन्धमा परामर्श एवं छलफल कार्यक्रमको आयोजना गर्‍यो। अखाद्य बस्तुहरूको वितरण भन्ने कुराहरू सार्वजनिक सरोकारको विषयका साथै मानव अधिकारको विषयसमेत भएकाले सरोकारवालाहरूसंग यस सम्बन्धमा सत्यतथ्य जानकारी लिन र सो सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनका निम्ति संस्थागत धारणा सहित नेपाल सरकारका अधिकारीहरू, मानव अधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संघ संस्थाका प्रमुखहरू, उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील संघ संस्था एवं बिश्व खाद्य कार्यक्रमका प्रतिनिधिहरूसंग आयोगले छलफल गरेको थियो।

छलफल मुख्यरूपले झाडा पखाला प्रभावित क्षेत्रमा अखाद्य पदार्थको वितरण भएको हो होइन भन्ने विषयमा केन्द्रित थियो। छलफलमा  सरोकालावाला निकाय तथा सरकारी निकायका पदाधिकारीहरूले राखेको संस्थागत धारणा सहित आयोगले गरेको कार्यक्रमको सन्दर्भमा उठेका प्रश्नहरू, सञ्चार माध्यममा आएका खाद्यान्न आपूर्ति र गुणस्तरसम्बन्धी समाचारहरूका बारेमा चर्चा एवं परामर्श गरिएको थियो। कृषि मन्त्रालय, स्वास्थ्य मन्त्रालय, उपभोक्ता संरक्षण मन्च, WFP का प्रतिनिधिको धारणा आदि बारे छलफल तथा परामर्श भएको थियो। उक्त परामर्श कार्यक्रममा आयोगका माननीय अध्यक्ष केदारनाथ

उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी. रोकाया तथा सचिव, निर्देशक एवं अधिकृतहरूको उपस्थिति थियो। कार्यक्रममा इन्सेकका अध्यक्ष सुवोधराज प्याकुरेलले आयोगलाई अनुसन्धान तथा छानवीन प्रकृयामा सहयोग पुगोस भन्ने उदेश्यबाट केही कागजात तथा तथ्यगत सामाग्रीहरू हस्तान्तरण गरेका थिए। कार्यक्रममा डिप्रोसले सन् २००३ देखि मध्यपश्चिम क्षेत्रमा खाद्यान्न वितरण गरिरहेको र मापदण्ड अनुसारको गोदाममा मात्र खाद्यान्नको भण्डारण गर्ने गरेकाले खाद्यान्नको गुणस्तरमा शंका नगर्न अनुरोध गरेको थियो भने विश्व खाद्य कार्यक्रमका प्रतिनिधिबाट खाद्यान्नको नमूना संकलन विज्ञहरूले मात्र गर्न सक्ने कुरा राखिएको थियो।

उक्त कार्यक्रममा संयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रम नेपालका प्रतिनिधि रिचर्ड रेगनले इन्सेकका अध्यक्ष सुवोधराज प्याकुरेललाई मिति ४ सेप्टेम्बर २००९ मा लेखेको पत्रमा खाद्यान्न मानव अधिकारको विषय कसरी हुन सक्छ ? भनी भनिएको थियो।[9] सो पत्र लगायत आयोगको अनुसन्धान तथा अध्ययनमा सहयोग पुग्ने आवश्यक कागजात तथा तथ्यहरू इन्सेकका अध्यक्ष सुवोधराज प्याकुरेलले आयोगलाई बुझाएका थिए।

कृषि तथा सहकारी मन्त्रालयका सहसचिवबाट प्राप्त जानकारी अनुसार जाजरकोटमा वितरित खाद्यान्नहरूको नमूना संकलनको लागि सुर्खेतमा कार्यरत खाद्य निरीक्षक भेषबहादुर थापा जाजरकोटमा गई खाद्यान्नको १६ थान नमूना संकलन गरी परीक्षणको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग काठमाण्डौमा बुझाएको भन्ने जानकारी प्राप्त भएको तर सोको प्रतिवेदन आयोगमा २०६६ असोज २६ गते प्राप्त हुन आएको थियो।

## ७. आयोगले भैरहवामा गरेको अनुसन्धान/छानविन[10]

### (NHRC Monitoring & Investigation at Bhairahawa)

आयोगले २०६६ साल भाद्र २२ गते गरेको परामर्श कार्यक्रममा उठेका सवालहरू, साप्ताहिक तथा दैनिक पत्रपत्रिकाका प्रकाशित खबरहरू, मानव अधिकारकर्मीहरूबाट प्राप्त सूचनाहरूको आधारमा विश्व खाद्य कार्यक्रमले आयात गर्ने गरेको खाद्यान्नको गुणस्तर परीक्षण भई आयात हुने गरे नगरेको, यसको भण्डारण तथा वितरण र वितरण अघिको गुणस्तर परीक्षण एवं नेपाल सरकारबाट गरिनु पर्ने कानून बमोजिमको गुणस्तर

9 उक्त पत्रको प्रतिलिपी अनुसूची ८ मा राखिएको छ।

10 प्रतिवेदनको मुख्य अशंहरू अनुसुचीमा २ राखिएको छ।

परीक्षण तथा काम कारवाही लगायतका विषयमा सत्य तथ्य पत्ता लगाउने उद्देश्यले आयोगको उच्चस्तरीय अनुसन्धान टोलीले भैरहवा पुगी छानबिन गरेको थियो। खाद्यान्न आयात तथा वितरण सम्मका विन्दुहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले संलग्न सरकारी निकायहरूको काम कारबाही तथा भूमिकाको सम्बन्धमा छुट्टाछुट्टै रूपमा विभिन्न सरकारी कार्यालयहरूको स्थलगत भ्रमण एवं निरीक्षण, छलफल, सोधपुछको आधारमा तथ्य एवं प्रमाणहरूको संकलन गरी अनुसन्धानको कार्य सम्पन्न गरेको थियो। यसैबीच टोलीले मानव अधिकारकर्मी, पत्रकारहरू, सुरक्षाकर्मी, उद्योगी, व्यवसायी, सार्वजनिक संस्थानका प्रमुख एवं प्रतिनिधिहरूसँग भेटघाट, छलफल तथा सोधपुछ गर्नुका साथै विश्व खाद्य कार्यक्रम (WFP) र नेपाल खाद्य संस्थान बीच भएको चामल सर्भे गर्ने भन्ने सम्झौताको समेत अध्ययन गरेको थियो।

अनुसन्धान टोलीले खाद्यान्न आपूर्ति प्रकृया, सो को गुणस्तर परीक्षण भण्डारण वितरण, भन्सार प्रकृया, आदि विषयमा केन्द्रित रही भैरहवा स्थित भैरहवा भन्सार कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्लाण्ट क्वारेन्टाईन कार्यालय, पशु क्वारेन्टाईन कार्यालय, सीमा सुरक्षा बल, राजश्व भन्सार गस्ती, नेपाल खाद्य संस्थान, सिद्धार्थनगर उद्योग बाणिज्य संघ आदि कार्यालयहरूमा निरीक्षण एवं तथ्य संकलन सम्बन्धी कार्य गरेको थियो। अनुगमनको क्रममा २०६६ असार १४ देखि मात्रै भैरहवा भन्सार कार्यालयबाट प्रमुख जिल्ला अधिकारीको आदेशमा WFP ले आयात गरेको खाद्यान्नको गुणस्तर परीक्षण गर्न थालिएको र त्यसरी परीक्षण गर्दा श्यामबाबा इन्टरप्राइजेज मार्फत आयात गरेको १६.५ मेट्रिक टन चामल गुणस्तरहीन तथा अखाद्य अवस्थाको रहेको प्रमाणित भएको पाइएको थियो।[11]

अनुसन्धान तथा छानविनको सिलसिलामा आयोगबाट तेश्रो पटक खटिएको उच्चस्तरीय टोलीले भैरहवामा प्राप्त गरेको तथ्यहरू देहाय बमोजिम छन् :

१) बिरूवा संरक्षण ऐन २०६४ को दफा ३२ बमोजिम भन्सार ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि बिरूवा वा बिरूवाजन्य उपज नेपाल भित्र प्रवेश गर्नु अगाडि प्लान्ट क्वारिन्टाइन चेक पोष्टको अनुमति पत्र प्राप्त गरी भन्सार सम्बन्धी प्रकृया

---

11 थप जानकारीको लागि अनुसूची ६ हेर्नुहोला।

अगाडि बढाउनु पर्नेमा त्यसो नगरी WFP को नाममा पैठारी गरिएको दाल, चामल सोझै नेपाल प्रवेश भएको पाइएको।

२) प्लान्ट क्वारिन्टाइन कार्यालय, भैरहवाबाट बिरूवा संरक्षण ऐनको प्रावधान सम्बन्धमा भैरहवा भन्सार कार्यालयलाई लिखित पत्राचार गरेको, भन्सार कार्यालयका प्रतिनिधिसँगको छलफल, अन्तरक्रिया, गोष्ठिहरूमा पनि सो कार्यालयले उक्त ऐनको प्रावधान सम्बन्धमा जानकारी गराएको बुझिएको।

३) भन्सार विभागको मिति २०५९/५/३१ को निर्णय तथा च.नं.५९८ मिति २०५९/६/१ को परिपत्रबाट सबै मूल भन्सार कार्यालयहरूलाई (भैरहवा भन्सार कार्यालय पनि मूल भन्सार नै रहेको) विरूवा उत्पादन पैठारी निकासी गर्दा प्लान्ट क्वारेन्टाइन परीक्षण गराई निकासी/पैठारी इजाजत पत्र लिनुपर्ने भनिएको पाइयो। तर नेपालबाट खाद्य वस्तु निकासी गर्दा उक्त प्रावधान कार्यान्वयन गरिएता पनि पैठारी गर्दाको हकमा भने सो प्रावधान हालसम्म पनि लागू नभएको पाइयो। त्यस्तै, नेपाल राजपत्रमा मिति २०६१/८/२१ गते प्रकाशित कृषि तथा सहकारी मन्त्रालयको सूचनाअनुरूपको Phytosanitary Certificate (विरूवा वा विरूवाजन्य उपजको स्वस्थता प्रमाण पत्र) पेश गरेपछि मात्र पैठारी गर्न पाउने व्यवस्थाको अनुसरण नभएको पाइयो।

४) नेपाल विश्व व्यापार संगठन (WTO) को सदस्य भएपश्चात आयात निर्यातमा पूरा गर्नुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नेपालबाट निकासी भैजाने समानमा प्लान्ट क्वारिन्टाइन कार्यालयको चेकजाँच अनिवार्य गर्ने गरेको तर नेपाल भित्र पैठारी हुने विरूवाजन्य उपजहरूको चेकजाँच गर्ने गराउने सम्बन्धमा दुवै कार्यालयहरू विच हुनुपर्ने समन्वयको स्थिति कमजोर रहेको पाइयो।

५) मिति २०६६/३/१४ भन्दा अघि खाद्य ऐन २०२३ अनुरूप WFP को नामबाट/WFP सँग सम्बन्धित ढुवानीकर्ताहरूबाट आयात हुने खाद्यान्न दाल, चामलको गुणस्तरको सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट परीक्षण हुने गरेको पाइएन।

६) खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवाबाट मिति २०६६/३/१४ देखि २०६६ असार मसान्तसम्म ३१ पटक WFP बाट आयात भएको चामलको नमूना र त्यसपछि श्रावण १ गते देखि २०६६ भाद्र २४ गतेसम्म चामलका ४१ बटा नमूना परीक्षण भएको पाइयो। सामान्यतया १६.५ मेट्रिक टन बराबरको लटबाट गुणस्तर परीक्षणको लागि मिति २०६६/३/१४ देखि मात्र भन्सार कार्यालय भैरहवाले

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा एउटा मात्रै नमूना पठाउने गरेको बुझियो।

७) भन्सार कार्यालयबाट परीक्षणका लागि पठाइएका नमूनाहरू मध्ये WFP को सहयोग स्वरूप प्राप्त श्यामबाबा इन्टरप्राइजेज, पडसरी, रूपन्देहीको नामबाट आयात भएको १६.५ मेट्रिक टन चामलको नमूना परीक्षणका लागि मिति २०६६/३/३० मा पठाइएकोमा उक्त लटको चामल खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवाले गुणस्तरहीन ठहरगरेको पाइयो।

८) २०६६ असार ३० गते चेकजाँचबाट गुणस्तरहीन ठहर भएको १६.५ मेट्रिक टन चामल २०६६ भाद्र महिनाको तेश्रो हप्तामा भन्सार कार्यालय भैरहवाबाट आयातकर्ताले एकहप्ता भित्र त्यत्तिनै परिमाणमा गुणस्तरीय चामल पैठारी गर्ने शर्तमा फिर्ता गर्न लगाएको प्रमुख भन्सार अधिकृतबाट बुझियो।

९) नेपाल भित्र पैठारीहुने खाद्यान्नको नमूना चेकजाँचका लागि भन्सार कार्यालयले चाहेमा मात्र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा पठाउने गरिएको पाइयो। त्यसरी चेकजाँचको लागि पठाउँदा भन्सार अधिकृतले नाङ्गो आखाले हेर्दा परीक्षण गराउन पर्ने आवश्यक ठानेमा प्रत्येक लटमा जतिसुकै परिमाणमा चामल पैठारी भएपनि कुनै एउटा गाडिको एउटा बोराबाट मात्र नमूना लिई परीक्षणका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा पठाउने गरेको बुझियो।

१०) खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय र भन्सार कार्यालयको दुरी अस्वाभाविक रूपमा टाढा रहेको पाइयो।

११) WFP को नामबाट आयात हुने सम्पूर्ण चामल भारतबाट मात्रै आयात हुने गरेको पाइयो। यसरी दातृ निकायहरूबाट सहयोग स्वरूप प्राप्त हुने खाद्यान्नका कुनै पनि बोरामा दातृ निकायको छाप तथा लोगो, चलानी नम्बर, उत्पत्ति स्थल, उपभोग्य मिति लगायतका कुनै पनि कुराहरू अङ्कित गर्ने गरेको पाइएन। तर खाद्यान्न वितरण स्थल रूकूम, जाजरकोट, मुगु, दैलेख, डोल्पा लगायतका जिल्लाहरूमा WFP को लोगो अङ्कित खाद्यान्नका बोराहरू अनुगमनको क्रममा पाइएको हुँदा उक्त निकायको नामबाट वितरण हुने खाद्यान्न नेपालमा नै संवेष्ठन (Packing) हुने गरेको बुझियो।

१२) दातृ निकायहरूबाट सहयोग स्वरूप प्राप्त हुने खाद्यान्नहरूमा पूर्ण भन्सार छुट हुने गरेको पाइयो, तथा मिति २०६६/३/१४ अघिसम्म गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।

१३) जिल्ला प्रशासन कार्यालय रूपन्देहीको च.नं.४४२२ मिति २०६३/११/१ गतेको प्रमुख जिल्ला अधिकारीबाट हस्ताक्षरित पत्रबाट भैरहवा भन्सार कार्यालयलाई "**भारतबाट पैठारी भई आउने चामल परीक्षण गरेर मात्र जाँचपास हुँदा व्यापारमा अपचलन हुन गै राजस्वमा समेत कमी आउने भनी अब आइन्दा त्यसरी पैठारी हुन आउने चामल भन्सार अधिकृतले सामानको भौतिक परीक्षण गर्दा परीक्षण गर्न पर्ने आवश्यक भएमा मात्र परीक्षण गराई जाँचपास गर्ने अन्यथा विना परीक्षण जाँचपास गर्ने व्यवस्था गर्नुहुन**" भनी अनुरोध भैगएको पाइयो।[12]

तर, उक्त आदेश खाद्य ऐन २०२३ को प्रस्तावना र दफा ८ मा उल्लेखित प्रावधान विपरित रहेको देखिन्छ। सो ऐनमा खाद्य पदार्थको परीक्षण तोकिएको अनुसन्धानशालामा गराउनुपर्ने भन्ने व्यवस्था गरिएको छ।

१४) तर, जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट मिति २०६३/११/१ मा भन्सार कार्यालयलाई भैगएको आदेश विपरित जिल्ला प्रशासन कार्यालय रूपन्देहीकै च.नं.७५१७ मिति २०६६/३/११ गतेको पत्रबाट उनै प्रमुख जिल्ला अधिकारीले हस्ताक्षर गरेको पत्रबाट भैरहवा भन्सार कार्यालयलाई "**खाद्यान्नको लागि भारतबाट आउने चामललाई नेपाल टु नेपालबाट आएको बनाई बजारमा विक्रि वितरण गरेको सन्दर्भमा तहाँ भन्सार नाका भएर आउने सम्पूर्ण चामल समेतका खाद्य वस्तुहरू क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाबाट परीक्षण गराई विश्लेषण प्रतिवेदनका आधारमा मात्र भित्र्याउने व्यवस्था हुन अनुरोध**"[13] भैगएको पाइयो। उक्त जिल्लामा मिति २०६३/४/१४ गते देखि २०६६/३/२५ गते स्वेच्छिक अवकाशको अवधिसम्म एउटै प्रमुख जिल्ला अधिकारी कार्यरत रहेको पाइयो।

१५) मिति २०६६/४/४ मा पशु क्वारेन्टाइन कार्यालय भैरहवाबाट विरूवा संरक्षण ऐन २०६४ को प्रावधान विपरित अन्नपूर्ण एग्रो इन्डस्ट्रीज प्रा.लि. रूपन्देहीले पैठारी गरेको ३५,३०५ कि.ग्रा. मकैको दाना जाँच गराई भन्सार कार्यालयबाट छाडिएको सन्दर्भमा बुझ्दा WFP बाट पैठारी गरिएको चामल तथा दालको सम्बन्धमा पनि त्यसो गरिएको छ कि भनी बुझ्दा उक्त कार्यालयबाट हालसम्म त्यसरी चामल तथा दालको क्वारेन्टाइन चेकजाँच पास नगरिएको बुझियो।

१६) भन्सार गस्ती प्रहरीले कुनै ठाउँमा अखाद्य वस्तु रहेको शंका लागी छापा मार्नु पर्ने अवस्था भएमा भन्सार कार्यालयका प्रतिनिधि र उद्योग वाणिज्य संघको

---

12 पत्रको प्रतिलिपी अनुसुचीमा ३ राखिएको छ।

13 पत्रको प्रतिलिपी अनुसुचीमा ४ राखिएको छ।

प्रतिनिधिसमेतको रोहवरमा मात्रै छापा मार्न सक्ने भएकोले छापा मार्ने कुराको सूचना वाहिर जान सक्ने र वास्तविक दोषीले उन्मुक्ति पाउन सक्ने अवस्था रहेको बुझियो।

१७) विश्व खाद्य कार्यक्रम अन्तर्गतको कोटामा स्वीकृत भएको टेण्डरको खाद्यान्न वस्तु आयात भई आउने क्रममा भन्सार सुविधा प्राप्त गरी भित्रिने गर्दछ र उक्त खाद्यान्न जुन प्रयोजनको लागि आयात गरिएको हुन्छ त्यहाँ नपठाई बजारमा सिधै विक्री वितरण हुने गरेको जानकारी पनि आयोगमा प्राप्त हुन आएकोछ। विश्व खाद्य कार्यक्रमले आयात गरेको चामल खुल्ला बजारमा विक्रि वितरण हुनु अवैधानिक तथा सरकारले प्रदान गरेको भन्सार छुटको दुरूपयोग समेत हुने र यस किसिमको विशेष प्रयोजनको लागि ल्याईएको खाद्यान्न आयात गर्ने संस्थाको नाम प्रिन्टेड बोरामा मात्र आयात गर्ने व्यवस्थाको लागि सिद्धार्थनगर उद्योग वाणिज्य संघ, रूपन्देहीले भैरहवा भन्सार कार्यालयलाई मिति २०६५।१०।२४ मा लेखेको पाइयो।[14]

## ८. आयोगले संकलन गरी ल्याएको खाद्यान्नको नमूना परीक्षण (Examination of Sample Food Grains Collected by NHRC)

आयोगको दुईवटा उच्चस्तरीय टोलीले मिति २०६६ श्रावण १६ देखी २८ सम्म झाडापखाला प्रभावित क्षेत्रहरूको विभिन्न स्थानहरूमा अनुगमनको कार्य गरेको थियो। अनुगमनको सिलसिलामा झाडापखालाको कारक तत्व ती स्थानहरूमा बितरित खाद्यान्न पनि भएको तथा प्रभावित स्थानहरूमा अखाद्य पदार्थको वितरण तथा प्रयोग भएको भन्ने जानकारीको आधारमा टोलीले खाद्यान्नको नमूनाहरू संकलन गरेको थियो। यस क्रममा जिल्ला जाजरकोट खलङ्गा गाविस वार्ड नं. २ निवासी रामप्रसाद घर्तीको खाद्यान्न गोदाममा भण्डारण गरी राखेको रहरको दाल र चामलको नमूनाहरू २ वटा सिलबन्दी खाममा तथा WFP डिप्रोक्सबाट वितरित जाजरकोट जिल्लाको खगेनकोटमा कामको लागि खाद्यान्न कार्यक्रम अर्न्तगत वितरण गरिएको दालको नमूना १ वटा सिलबन्दी खाममा परीक्षणको लागि साक्षी तथा स्थानीय मानव अधिकारकर्मीहरूको रोहबरमा उक्त स्थानहरूबाट उठाई परीक्षणको लागि काठमाण्डौ स्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा मिति २०६६।५।७ मा पठाएको थियो।

---

14 पत्रको प्रतिलिपी अनुसुचीमा ५ मा राखिएको छ।

नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले आयोगलाई मिति २०६६।५।९ मा दिएको खाद्य सामाग्रीहरूको परीक्षणको प्रतिवेदनमा देहायको कुराहरू उल्लेख गरी संकलित नमूनाहरूको परीक्षण प्रतिवेदन दिएको थियो। विभागले फिजिकल तथा सेन्सोरी परीक्षणबाट प्रक्रिया बमोजिम परीक्षण विश्लेषण गरी दिएको प्रतिवेदनको मुख्य अंशहरू :

क) नेपाल सरकारले दालको लागि तोकेको स्तर निर्धारण अनुसार स्वच्छ सफा रहन आवश्यक छ तर प्राप्त हुन आएको दालको अवस्था त्यस्तो नभई डल्ला परेको र मानव उपभोगको लागि उपयुक्त नभएको पाइयो।

ख) नेपाल सरकारले चामल लगायतको खाद्यान्नको निमित्त जुन स्तर तोकेको छ सो स्तर अनुसार स्वच्छ सफा हुनु पर्नेमा प्राप्त चामल त्यस्तो नभई सडी डल्ला परेको तथा चामलको स्वभाविक रंग पनि विद्यमान नभएको देखिंदा मानव उपभोगका लागि उपयुक्त नभएको पाइयो।

## ९. खाद्य गुणस्तर तथा वितरणको लागि तोकिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड (National and International Standards on Food Quality)

खाद्यान्न मानव अधिकारको विषय मात्र होइन यो मानव जीवनको लागि नभई नहुने अति आवश्यक तत्व हो। मानवलाई पर्याप्त खाद्यान्न भएर मात्र पुग्दैन गुणस्तरीय र जनस्वास्थ्यमा प्रतिकुल असर नपार्ने खालको पनि हुनु पर्दछ। खाद्यान्नको गुणस्तर कायम राख्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूले केही व्यवस्थाहरू गरेको छ।

खाद्य ऐन, २०२३ को दफा २ को (क) ले गरेको परिभाषा अनुसार "खाद्य पदार्थ" भन्नाले साधारणतः मानिसले खाने पिउने, अप्रशोधित, अर्ध प्रशोधित, प्रशोधित वा उत्पादित खाद्य वा पेय पदार्थ सम्झनु पर्छ र सो शब्दले खाने पिउने पदार्थमा प्रयोग गरिने मरमसला, खाद्य योगशील (फुड एडिटिभ) रंग वा सुगन्धलाई समेतलाई जनाउँछ भन्ने व्यवस्था छ। त्यसै गरी सोही ऐनको दफा २ को (ख) ले गरेको परिभाषा अनुसार "दुषित खाद्य पदार्थ" भन्नाले देहायको कुनै अवस्थाको खाद्य पदार्थ सम्झनु पर्छ भनी व्यवस्था गरेको छ। जस अनुसार,

१) स्वास्थ्यलाई हानी हुने गरी सडेको, गलेको वा फोहर मैला वा विषाक्त अवस्थामा राखिएको वा तयार गरिएको खाद्य पदार्थ

२)  मानिसको उपभोगको लागि अनुपयुक्त हुने गरी केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशु पंक्षी वा हानिकारक वनस्पतिवाट बनेको खाद्य पदार्थ

३)  कुनै खाद्य योगशील (Food Additive) रंग परिरक्षी प्रीजर्वेटिभ (Preservatives), अन्तर्बिकसित वा बहिर्मिश्रित रसायन वा कीटनाशक औषधीको लागि तोकिएको अधिकतम सीमाभन्दा बढि हुन गई स्वास्थ्यलाई हानी हुन सक्ने खाद्य पदार्थ।

सोही ऐनको दफा ३ ले दुषित खाद्य पदार्थ र न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा बिक्रि वितरण गर्न मनाही गर्दै कुनै व्यक्तिले दुषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन, बिक्रि वितरण, निकासी वा पैठारी गर्न वा सो मध्ये कुनै कामका लागि त्यस्तो खाद्य पदार्थ राख्नु हुँदैन भन्ने व्यवस्था गरेको छ। भने ऐनको दफा ६ मा फर्म वा संगठित संस्थाले गरेको अपराधको दायित्व सम्बन्धमा उल्लेख गर्दै भनिएको छ "कुनै फर्म वा संगठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेश उल्लंघन गरेमा फर्मको हकमा सो फर्मका हिस्सेदार र कुनै संगठित संस्थाले भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी सजायको भागि हुनेछ।"

यसैगरी खाद्य नियमावली, २०२७ को नियम ९ (क) ले खाद्य पदार्थ नष्ट गर्न सक्ने व्यवस्था गर्दै कुनै खाद्य पदार्थ उत्पादन वा बिक्री भइरहेको वा बिक्रीको लागि रहेको अवस्थामा आँखाले स्पष्ट देखिने गरी सडेको गलेको, कुहिएको वा कीरा परेको वा अन्य कुनै कारणबाट खान नहुने स्थिति भई परीक्षणको लागि पठाइएकोमा त्यस्तो खाद्य पदार्थ प्रतिवेदन प्राप्त नभएसम्म राखिछोड्दा झन् बिग्रिन सक्ने  अवस्था भएमा स्थानीय प्रशासन वा नगरपालिका वा गाउँ विकास समितिको प्रतिनिधि समेत राखी खाद्य निरीक्षकले उक्त पदार्थ तत्काले गाडेर, जलाएर वा अन्य कुनै उपायद्वारा नष्ट गर्न सक्नेछ भनेको छ।

सोही नियमावलीको नियम २३ ले खाद्य पदार्थमा परिरक्षीको (Preservatives) प्रयोग सम्बन्धमा नियमावलीको अनुसूची ११ मा उल्लेख भए विपरित हुने गरी परिरक्षी हाली कुनै पदार्थको उत्पादन, बिक्रि वितरण वा निकासी गर्न वा सो मध्ये कुनै कामको लागि त्यस्तो खाद्य पदार्थ राख्न हुँदैन भन्ने व्यवस्था गरेको छ।

बिरूवा संरक्षण ऐन, २०६४ को दफा ३२ ले भन्सार सम्बन्धी कार्यको व्यवस्था गर्दै भनेको छ, "प्रचलित भन्सार सम्बन्धी कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन

बमोजिम पैठारी गरिएका बिरूवा वा बिरूवाजन्य उपज,....आदिलाई प्लान्ट क्वारेन्टाईन चेक पोष्ट वा कार्यालयबाट नेपाल भित्र प्रवेश गर्ने अनुमति प्राप्त भएपछि मात्र सम्बन्धित भन्सार कार्यालयले भन्सार सम्बन्धी प्रकृया अगाडि बढाउनु पर्नेछ" ।

विश्व खाद्य कार्यक्रमको खाद्य गुणस्तर नियन्त्रण सम्बन्धी तथ्य विवरण (WFP Food Quality Control Fact Sheet) ले खाद्यान्नको आधारभूत परीक्षण कसरी गर्ने र आपूर्तिकर्तासँग खरिद गर्दा अपनाउनु पर्ने मापदण्डहरूको बारेमा उल्लेख गरेको छ। खाद्य सुरक्षा, पोषण तथा खाद्य सहयोगको सम्बन्धमा अर्न्तराष्ट्रिय रूपमा नै न्यूनतम मापदण्डहरू तोकिएका छन्।[15] साथै Paris Declaration on Aid Effectiveness (Owenrship, Harmonisation, Alignment, Results and Mutual Accountability)[16] ले पनि दातृ राष्ट्र तथा संघसंस्थाहरूहरूले पालना गर्नुपर्ने जिम्मेवारीहरूको सम्बन्धमा उल्लेख गरेको छ।

## १०. खाद्यान्न तथा झाडापखालका सम्बन्धी बिषय र मानव अधिकार (Food and Diarrhea in the Context of Human Rights)

नेपालको अन्तरिम संविधान, २०६३ ले भाग ३ मौलिक हक अन्तर्गत धारा १८ मा रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हकको व्यवस्था गर्दै प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भन्ने व्यवस्था गरेको छ।

नेपालको अन्तरिम संविधान कै मौलिक हक अन्तर्गत धारा १६ मा बातावरण तथा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गर्दै प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हकको प्रावधान राखेको छ।

नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा ११ को (१) ले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीबनस्तरको तथा जीबनअवस्थाको निरन्तर सुधारको अधिकारलाई सुनिश्चित गरेको छ। सोही प्रतिज्ञापत्रको धारा १२ (१) ले प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने

15 http://www.sphereproject.org/handbook/html/5_ch3.htm

16 http://www.adb.org/media/articles/2005/7033_international_community_aid/paris_declaration.pdf

अधिकारको व्यवस्था गरेको छ। यसैगरी धारा १२ कै उपधारा २ मा यस अधिकारको पूर्ण प्राप्तिको लागि प्रतिज्ञा पत्रका पक्ष राष्ट्रहरूले[17] देहायका आवश्यक कदमहरू चाल्नु पर्ने आवश्यकताका अलवा निम्न कुराहरू उल्लेख गरेको छ :

क) शिशु मृत्यु दर तथा बाल, मृत्युदर घटाउने र बालबालिकाको स्वास्थ्य विकासको व्यवस्था गर्ने

ख) वातावरणिय तथा औद्योगिक सरसफाईका सबै पक्षहरूको सुधार गर्ने

ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण गर्ने

घ) बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना गर्ने

संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समितिले उक्त प्रतिज्ञापत्रको विभिन्न धाराहरूको व्याख्या गर्ने क्रममा देहायका कुराहरू पनि टिप्पणी नम्बर १५ (General Comment No. 15) मा उल्लेख गरेकोछ।[18]

- सबैलाई प्रशस्त, स्वास्थ्य, उपभोग गर्न योग्य, पानीको श्रोतसम्म शारिरिक रुपमा पहुँच तथा उपभोगीय हैसियत सहितको व्यक्तिगत तथा घरायसी प्रयोजनको लागि प्रयोग गर्न पाउनु नै पानीको मानव अधिकार (Right to Water) हो ।

**खाद्य अधिकार के हो ?** भन्ने सम्बन्धमा संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति तथा संयुक्त राष्ट्र संघीय विशेष समाधीक्षकको प्रतिवेदनमा पर्याप्त खाद्यान्न मानव अधिकार हो र मानिसमा यो अधिकार अहरणीय हुन्छ भन्ने व्याख्या गरिएको छ। साथै खाद्यान्नमा मानिसको नियमित, स्थायी र अवरोधरहीत पहुँच हुनु पर्दछ र त्यस्तो खाद्यान्न उपभोग गर्नको निमित्त उसको क्रयशक्तिले भ्याउने तथा गुणस्तरीय र उच्च परिमाणमा पर्याप्त खाद्यान्नहरू मानिसका लागि हुनु पर्ने भन्ने पनि उल्लेख गरिएको छ। विशेष समाधीक्षकको प्रतिवेदन तथा सो समितिले प्रतिज्ञापत्रको सामान्य टिप्पणी नम्बर १२ (General Comment No. 12)[19] मा खाद्यान्न आम मानिसको संस्कृतिसँग मेल खाने र शारिरीक तथा मानसिक स्वास्थ्य समेत प्राप्त हुने खालको

---

17 नेपाल सन् १९९१ देखि यस प्रतीज्ञापत्रको पक्ष राष्ट्र रही आएको छ।

18 http://daccessdds.un.org/doc/UNDOC/GEN/G03/402/29/PDF/G0340229.pdf ? Open Element

19 http://www.unhchr.ch/tbs/doc.nsf/(Symbol) 3d02758c707031d58025677f003b73b9?Open document

हुनुपर्दछ भन्ने व्यवस्था गरेको छ। साथै वर्तमान समयमा सरसफाईलाई पनि मानव अधिकार र मानव मर्यादाको विषयको रूपमा व्याख्या गर्न थालिएको छ।[20]

## ११. विश्लेषण तथा निष्कर्ष (Analysis and Conclusion)

नेपालको मध्य तथा सुदुर पश्चिमको दुर्गम तथा पहाडी जिल्लाहरूको झाडापखाला प्रभावित क्षेत्रमा झाडापखाला फैलनुको मुख्य कारण दुषित पानी, म्याद नाघेको पीयुषको प्रयोग र पानीमा रहेको अत्यधिक कोलेरा Cholera को कारणवाट झाडापखाला फैलिएको भन्ने तथ्य नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले आयोगलाई दिएको थियो।[21] तथापी झाडापखाला प्रभावित क्षेत्रमा आम मानिसले उपभोग गर्न नसक्ने अवस्थाको कुहिएको, डल्लो परेको खाद्यान्न पनि वितरण भएको पाइएको थियो।[22]

स्वस्थ्य र पोषिलो खाद्यान्न आम मानिसको अधिकार मात्र नभई उपभोक्ता अधिकारको दृष्टिकोणवाट पनि महत्वपूर्ण छ। नेपालका दुर्गम पहाडी जिल्लाहरूमा खाद्य अभावको कारण विगत ४० बर्ष देखि विश्व खाद्य कार्यक्रमको सहयोगमा खाद्य वितरण भइरहेता पनि उक्त क्षेत्रहरूमा खाद्य सम्प्रभुताको सिद्धान्त अनुसार कृषि क्षेत्रको सुधार र खाद्य सुरक्षाको सुनिश्चितता हुन नसकेको कारण खाद्य माथि जनताको परिनिर्भरता दिनानुदिन बढिरहेकोछ। ती क्षेत्रहरूमा वितरण गरिएको खाद्य पदार्थ अखाद्य र न्यून रहेको कुरा समय समयमा जन गुनासाहरूमार्फत आइरहेका छन्। यस्ता अखाद्य बस्तुहरूको वितरण, गुणस्तर परीक्षण तथा विक्रिमा सरकारले नियमित अनुगमन र नियन्त्रण गर्नु पर्नेमा त्यसतर्फ कुनै पनि उल्लेखनिय कार्य भएको पाइदैन। विश्व खाद्य कार्यक्रमले वितरण गरेको खाद्यान्नहरू (दाल, चामल) पनि दुषित हुन पुगी अखाद्य हुन पुगेको र त्यस्ता खाद्यान्नहरू पनि उपभोक्तासम्म पुगेको पाइएको भएता पनि झाडापखालाको एक मात्र कारक तत्व खाद्यान्न नै हो भन्ने अवस्था देखिदैन।

20 http://www.ohchr.org/EN/NewsEvents/Pages/IExpertSanitation.aspx ("Sanitation is undoubtedly a matter of human rights and human dignity,")

21 आयोगको सभाकक्षमा मिति २०६६ भाद्र २२ गते आयोजित परामर्श कार्यक्रममा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले दिएको जानकारी।

22 राष्ट्रिय मानव अधिकार आयोग तथा इन्सेकले वितरित खाद्यान्नको छुट्टाछुट्टै नमूना संकलन गरी परिक्षण गराएको थियो।

झाडापखालाको कारक तत्व जेसुकै भएता पनि प्रभावित क्षेत्रमा अखाद्य पदार्थहरू वितरण भएको, रहेको भन्ने विषयमा दुईमत देखिँदैन।

आयोगले जाजरकोटबाट संकलन गरी ल्याएको नमूनाको सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले परीक्षण पश्चात दिएको प्रतिवेदन पनि यस कुरालाई प्रष्ट्याएको छ। साथै जिल्ला प्रशासन कार्यालय, रूपन्देहीले मिति २०६६ असार १४ गते पश्चात मात्र आयतित खाद्यान्नको गुणस्तर परीक्षण गर्न भैरहवा भन्सार कार्यालयलाई लेखेको पत्रबाट समेत यस मिति अघि गुणस्तर परीक्षण हुने गरेको देखिदैन। गुणस्तर परीक्षणको शुरूवातसँगै १६.५ मे.टन चामल गुणस्तरहीन तथा अखाद्य अवस्थाको रहेको भनी खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवाको प्रतिवेदनबाट देखिन्छ। तसर्थ, उक्त क्षेत्रहरूमा यस अघि अखाद्य पदार्थहरू रहेभएको तथा वितरण भएको हुन सक्ने पाइन्छ।

यस प्रतिवेदनको तयारी अवधिसम्ममा मध्य तथा सुदूरपश्चिमका केही जिल्लाहरूमा करिव ४०० जनाको मृत्यु हुनु र ६४,००० भन्दा बढि मानिस विरामी भई उपचार पश्चात घर फर्कनु र यो क्रम अझै चलिरहेको स्थितिमा यसको निवारणको लागि स्वास्थ्य, कृषि, गुणस्तर प्रविधिसँग सम्बन्धित तथा मानव अधिकारकर्मी सहितको न्यायीक आयोग गठन गरी निष्पक्ष छानविन तथा अनुसन्धान हुनु जरूरी देखिन्छ। प्रकोपको रूपमा फैलिएको झाडापखाला नियन्त्रण गर्न प्रभावित क्षेत्रहरूमा स्वास्थ्य सेवा विभाग तथा स्वास्थ्य मन्त्रालयबाट दरबन्दी अनुसारका डाक्टरहरू तथा पर्याप्त संख्यामा अन्य स्वास्थ्यकर्मीहरू समयमा नै परिचालित भएको पाइएन। साथै झाडापखालाको कारणबाट जीवन गुमाउन वाध्य भएकाहरूका आश्रित परिवार तथा बालबालिकाहरूको समुचित संरक्षण तथा परिपुरणको व्यवस्था मिलाउनु नेपाल सरकारको पहिलो दायित्व हुन आउँछ।

आयोगले गरेको स्थलगत अनुसन्धान एवं अनुगमनबाट प्रभावित क्षेत्रमा आनुवंशिक रूपबाट **संशोधन गरिएको** खाद्य Genetically Modified Organisms (GMOs)[23] (GM FOOD) को वितरण पनि हुनसक्ने आशंकाहरू कृषि प्राविधिकहरूबाट व्यक्त भएको पाइयो।

---

23 यस प्रकारको खाद्यान्न उत्पादन प्राकृतिक रूपमा गरिएता पनि यसका उत्पादनका तौरतरिका अप्राकृतिक हुन्छन् जसको फलस्वरूप उत्पादनमा अत्याधिक वृद्धि हुन्छ। यस प्रकारको खाद्यान्नबाट उत्पादन बढ्ने मात्र होइन बालीको सुरक्षाको लागि किरा, अन्य भाइरस वा Herbicides हरूबाट बालीमा उत्पन्न हुने खराबीहरूसँग प्रतिरोध गर्न सक्ने क्षमता समेत विकाश हुन्छ। (अर्थात यस्ता बालीहरूमा किरा आदि लाग्दैनन् वा किरा आदिको प्रकोप यस प्रकारको खाद्यान्नमा हुदैन। साथै यस प्रकारको खाद्यान्न मानव स्वास्थ्यको प्रतिकुल छ छैन भन्ने सम्बन्धमा मानव स्वास्थ्यमा विपाक्तताको प्रभाव Toxicity, एलर्जी सम्बन्धी प्रतिक्रिया हुन सक्ने, पोषण तत्वको अलावा Toxic हरू पनि विद्यमान हुन सक्ने तथा यसको फाइदा बेफाइदा दुवै कुराहरूलाई अन्तर्राष्ट्रिय खाद्यान्न बजारहरूमा उठाइएको पाइन्छ। विस्तृत जानकारीको लागि हेर्नुहोस :
http://www.who.int/foodsafety/publications/biotech/20questions/en/

नेपाल सरकारबाट कानूनी रूपमा GM FOOD आयात तथा उपभोग एवं वितरण गर्ने अनुमति नदिइएता पनि गोप्यरूपले यस्ता खाद्यान्नहरू आयात गरी प्रयोग एवं परीक्षणको लागि वितरण भएको हुन सक्ने आशंका रहेको जानकारी आयोगले विविध श्रोतहरूबाट प्राप्त गर्‍यो। यस सम्बन्धमा एक नेपाली संचार माध्यमले[24] आफ्नो वेब अङ्कमा सरकारले GM FOOD सम्बन्धमा सावधानी अपनाउनु पर्ने विषयमा एक समाचार प्रकाशित गरेको थियो। सो समाचारमा नेपालमा यस प्रकारको खाद्यान्नको अवस्था विद्यमान नरहेको भनी भन्न नसकिने कुरा कृषि विशेषज्ञबाट व्यक्त गरिएको थियो।[25] नेपालमा खाद्य संकट भएका जिल्लाहरूमा वितरित खाद्यान्नहरू GMOs हुन् होइनन् भन्नेतर्फ पनि सत्य तथ्य बाहिर ल्याउन नेपाल सरकारबाट यस विषयमा गहन अनुसन्धान गरिनु पर्ने देखिन्छ। उक्त जिल्लाहरूमा गैर कानूनी ढगंबाट GM FOOD वितरण गरिएको पुष्टी भयो भने सो कुरालाई गरिबी माथिको अपराधको रूपमा लिन पर्ने हुन्छ।

साथै, झाडापखालाको कारणबाट मृत्यु भएकाहरू मध्ये मृत्युको सही एवं वैज्ञानिक कारण पत्ता लगाउनको लागि नेपाल सरकारले कुनै पनि मृतकको शव परीक्षण (Post Mortem) नगरिनुले पनि मृत्युको सही कारण पत्ता लगाउन कठिनाइ हुने देखिन्छ।

विश्व खाद्य कार्यक्रमले नेपालमा चालिस वर्ष देखि खाद्यान्न आयात गरी वितरण गरेता पनि नेपाल सरकारबाट गुणस्तरको सम्बन्धमा प्रभावकारी अनुगमन तथा परीक्षण हुन सकेको पाइएन तथा सो कार्यक्रमले नेपाल बाहिरबाट आयात गर्ने खाद्यान्नको उत्पतिको बारेमा पनि नेपाल सरकारले सोधेको पाइएन। यस अवधिमा यस कार्यक्रम मार्फत देशका दुर्गम तथा विकट जिल्लाहरूमा के कस्ता उपलब्धीहरू हासिल हुन सके र पूर्वाधार विकाश, कृषि उत्पादन तथा आत्मनिर्भरताको स्थितिमा कस्तो प्रकारको सकारात्मक योगदान रहन सक्यो भन्ने सम्बन्धमा पनि समीक्षा हुनु आवश्यक देखिन्छ।

नेपाल सरकारका सुर्खेत स्थित एक खाद्य निरीक्षकले झाडापखाला प्रभावित क्षेत्रबाट संकलन गरी ल्याएको भनिएको खाद्यान्नको नमूना परीक्षण पश्चात खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभाग बबरमहलबाट २०६६।६।२६ मा आयोगलाई पठाइएको पत्रमा रूकुम तथा जाजरकोटबाट संकलित १६ थान खाद्यान्नका नमूनाहरू मध्ये ४ थान दाल, चामल

24 http://www.nepalnews.com.np/contents/englishdaily/ktmpost/apr/apr13/index.htm

25 विस्तृत जानकारीको लागि अनुसूची ७ हेर्नु होला।

र तेलका नमूनाहरू "नेपाल सरकारले तोकेको गुणस्तर प्रतिकुल पाइएको" भनी उल्लेख गरिएको छ।

यस क्षेत्रका आम नागरिकले स्वस्थ्य र पोषिलो खाद्यान्न तथा पानी उपभोग गर्न नपाएको अवस्थाले उक्त क्षेत्रमा स्वस्थ्य र पोषिलो खाद्यान्न तथा पानीको अधिकारबाट आम मानिसहरू वञ्चित रहेको अवस्था पाइयो। खाद्यान्न तथा पानीको अधिकार आम नागरिकको महत्वपूर्ण र पहिलो अधिकार हो जुन जीवन र स्वास्थ्यको अधिकारसँग प्रत्यक्ष रूपले जोडिएको हुन्छ।

## १२. आयोगको सिफारिस

२०६६ वैशाख महिनाबाट शुरू भई महामारीको रूपमा फैलिएको झाडापखाला, हैजाबाट जाजरकोट, रूकुम, दैलेख लगायतका मध्य तथा सुदुर पश्चिमका दुर्गम तथा पहाडी जिल्लाहरूमा करिब ४०० जनाको मृत्यु र ६४,००० भन्दा बढि बिरामी भई उपचार पश्चात घर फर्केको घटनाको सम्बन्धमा अनुगमन, अनुसन्धान तथा छानबिनको लागि आयोगबाट तीन पटक छुट्टाछुट्टै खटिएको उच्चस्तरीय टोलीको प्रतिवेदनको आधारमा राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई निम्न बमोजिमका कार्यहरू तत्काल गर्न गराउन नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ को उपधारा २ बमोजिम सिफारिस गर्दछ :

### क) नेपाल सरकारलाई

१. झाडापखाला प्रभावित क्षेत्रमा वितरित खाद्यान्नको न्यून गुणस्तर तथा करिब ४०० मानिसको मृत्युको मूल कारण सम्बन्धी सत्य तथ्य जनसमक्ष ल्याई दोषीउपर कारवाही गर्न नेपाल सरकारबाट स्वास्थ्य, कृषि, गुण प्रविधि, मानव अधिकारकर्मी सहितको स्वतन्त्र न्यायिक छानबिन आयोग गठन गर्न।
२. कुनै पनि दातृ निकायले सहयोगस्वरूप प्रदान गर्ने खाद्य वस्तु पैठारी गर्दा उक्त वस्तुको उत्पत्तिस्थल, गुणस्तर प्रमाणपत्र, आयातकर्ताको परिचय झल्कने चिन्ह, अक्षर, खाद्य वस्तु वितरण गरिने क्षेत्र, लक्षित समूह र समुदाय, उपभोग्य मिति आदि पैठारी भै आउने खाद्य वस्तुमा अनिवार्यरूपमा उल्लेख गर्न लगाई सो को अभिलेख राख्ने व्यवस्था गर्न।

३. दुर्गम तथा पहाडी क्षेत्रमारहेका आम नागिरकहरूको खाद्यान्न तथा शुद्ध खाने पानीको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउन।

४. स्वास्थ्य सम्बन्धि जन चेतना अभिवृद्धि गर्न स्थानिय संचारमाध्यहरूवाट स्थानिय भाषामा व्यापक प्रचार प्रसारको अभियान संचालन गर्न।

५. झाडापखालाको कारणवाट मृत्यु हुन पुगेका मृतकका परिवारहरु (बालबालिका, टुहुरा, बृद्ध तथा अशक्त) को राहत, परिपूरण, संरक्षणका लागि तत्काल छुट्टै विशेष एकीकृत प्याकेज कार्यक्रम लागू गर्न। तथा खाद्य वस्तुमा परनिर्भरता हटाई स्थनीय तहमा नै भरपर्दो विकल्पको खोजी गर्न नेपाल सरकारबाट कार्य योजना तयार गरी लागू गर्न।

६. भोकमरी, खाद्य अभाव तथा जनस्वास्थ्यसँग सम्वन्धित सञ्चार माध्यममा आउने गरेका समाचारहरूलाई सरकारले गम्भीररुपमा लिई विषयको गहनतालाई मध्यनजर गर्दै तत्काल सम्वोधन गर्न र सो विषयमा आवश्यक संयन्त्र तर्जुमा गर्न।

७. दातृ निकायहरूमार्फत स्वविवेकमा सोझै खाद्य सामाग्री वितरण गर्ने परिपाटीको अन्त्य गरी सरकारी स्वामित्वमा रहेका खाद्य आपूर्ति गर्ने संस्थाहरूलाई नै वढी जिम्मेवार वनाई खाद्य सामाग्रीहरूको भण्डारण, संरक्षण, गुणस्तर परीक्षण तथा वितरण सम्बन्धी न्यूनतम राष्ट्रिय मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने व्यवस्था गर्न।

८. भन्सारसंग सम्वन्धित कार्यालय, प्लान्ट क्वारेन्टाइन, पशु क्वारेन्टाइन, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भन्सार गस्ती प्रहरी आदिको काममा प्रभावकारी समन्वय गरी सेवाग्राहीलाई छिटो सेवा प्रदान गर्न तथा सो को प्रभावकारी अनुगमन गर्ने, गराउने व्यवस्था मिलाउन ।

९. खाद्य नियमावली २०२७ को नियम १६ ले व्यवस्था गरेको खाद्यस्तर निर्धारण समितिको काम, कारवाहीलाई चुस्त र प्रभावकारी बनाउन।

१०. खाद्य नियमावली २०२७ को नियम २३ ले तोकेको अनुपातमा मात्र खाद्य परिरक्षी प्रयोग गर्न गराउन हुन तथा नियमले तोकेको मात्रा भन्दा बढी अनुपातमा परिरक्षीको (Preservatives) प्रयोग भएको नभएको सम्बन्धमा खाद्य निरीक्षकहरूबाट अनुगमन गर्ने गराउने व्यवस्था गर्न।

११. जनताको स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गर्न झाडापखाला प्रभावित क्षेत्र लगायत अन्य क्षेत्रहरूका अस्पताल, उपस्वास्थ्यरस्वास्थ्य चौकीहरूमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मीहरू र पर्याप्त औषधी लगायत प्राथमिक

स्वास्थ्य उपचारका सामाग्रीहरू नियमित रूपमा रहने व्यवस्था मिलाउन तथा सोको नियमित अनुगमन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउने।

**ख) अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई**

१. जिल्ला प्रशासन कार्यालय रूपन्देही तथा भैरहवा भन्सार कार्यालयवाट खाद्य वस्तुको पैठारीका सम्वन्धमा अपनाइएको फरक-फरक मापदण्ड तथा खाद्य ऐन, २०२३ को प्रस्तावनाको भावना र दफा ८ को व्यवस्था, बिरूवा संरक्षण ऐन, २०६४ को दफा ३२ एवम् उपभोक्ता संरक्षण ऐन २०५४ को दफा १५ का व्यवस्थाहरूको पालना भएको नदेखिंदा खाद्य वस्तुको गुणस्तर मानव स्वास्थ्य र जीवनको अधिकारसंग सम्वन्धित मानव अधिकारकै विषय भएतापनि आयोगको अनुसन्धान/अनुगमनवाट सामान निकासी/पैठारी प्रकृयामा सरोकारवालाहरू पैठारीकर्ता, भन्सार कार्यालय, जिल्ला प्रशासन कार्यालय रूपन्देहीवाट भएका कार्यहरूमा फरक फरक मापदण्ड पाइएको र कानूनसम्मत नदेखिएको हुँदा यस विषयमा विस्तृत छानवीनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अनुरोध गर्ने।

२. भैरहवा भन्सार कार्यालय लगायत अन्य भन्सार कार्यालयहरूवाट पनि खाद्यान्न आपूर्ति सम्वन्धमा भएका काम कारवाही, गुणस्तर परीक्षण प्रकृयाहरूको सम्वन्धमा छानविन तथा अनुसन्धान गर्न अनुरोध गर्ने।

**ग) संयुक्त राष्ट्रसंघीय प्रणाली मार्फत विश्व खाद्य कार्यक्रम नेपाललाई**

१. संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम-नेपालका प्रतिनिधि रिचर्ड रेगनले इन्सेकलाई लेखेको " You also reference in your chronology issues around alleged sale of WFP food. I'm not sure why you've raised this issue since it has little to do with either human rights or the epidemic". भन्ने आयोगमा प्राप्त हुन आएको २००९ सेप्टेम्बर ४ को पत्रको सन्दर्भमा संयुक्त राष्ट्रसंघीय प्रणाली मार्फत विश्व खाद्य कार्यक्रम नेपालका प्रतिनिधि रिचर्ड रेगनको ध्यानाकर्षण गराउने र यसको जानकारी राष्ट्रसंघीय निकायहरूमा पठाउने।

■

अनुसूची १

# राष्ट्रिय मानवअधिकार आयोग

हरिहरभवन, ललितपुर

२०६६।४।२०

मध्य तथा सुदूरपश्चिमाञ्चलका जिल्लाहरुमा फैलिएको झाडापखालासम्वन्धी
राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अनुगमनबाट तयार पारेको
**प्रारम्भिक सङ्क्षिप्त प्रतिवेदन**

**आदरणीय सञ्चारकर्मी साथीहरु,**

मध्यपश्चिमाञ्चलका जाजरकोट जिल्लालगायत विभिन्न तीन जिल्लामा हालै फैलिएको झाडापखाला/हैजा रोगबाट सयौंको मृत्यु भइसकेको र हजारौं मानिसहरु रोगबाट प्रभावित भई उपचारको क्रममा रहेका सम्बन्धमा अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोगबाट खटिएको अनुगमन टोलीले स्थलगत भ्रमण, स्वास्थ्यकर्मी, पीडित व्यक्तिहरु, सरकारी निकायलगायत विभिन्न सरोकारवालासँग गरेको भेटघाट, छलफल तथा अन्तरक्रिया समेतका आधारमा तयार पारेको सङ्क्षिप्त प्रतिवेदन तपाईहरुमार्फत् सार्वजनिक गर्दैछौं। झाडा पखाला प्रभावित जिल्लाहरुमा देखिएको स्वास्थ्य सङ्कट र त्यसलाई नियन्त्रणमा लिन भइरहेको उद्धार प्रयासको अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोगबाट निर्देशक समेत सम्मिलित टोलीले जाजरकोट, रूकुम तथा सुर्खेत जिल्लाका विभिन्न स्थानहरुको स्थलगत अनुगमन गरेको थियो। आयोगको टोलीले प्राप्त गरेका तथ्यहरु निम्नानुसार छन् :

<u>प्राप्त तथ्यहरु:</u>

१) सरकारी तथ्याङ्कअनुसार झाडापखाला रोगबाट प्रभावित जिल्लाहरु र मृतक सङ्ख्या जाजरकोट-१४२, रूकुम-३८, दैलेख-१०, कालिकोट-१, सुर्खेत-१०, दाङ-१, रोल्पा-२, सल्यान-५, डोल्पा-६, जम्मा-२१८।

२) क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतको तथ्याङ्कअनुसार मध्यपश्चिमाञ्चलका बाँके र दाङबाहेक १३ जिल्ला प्रभावित भएको र ती जिल्लाहरुमा २७२ जनाको मृत्यु र २४,४५४ जनाको उपचार गरिएको भन्ने पाइएको। मृत्यु हुनेमा पुरूष ९३, महिला ८९ र नाबालक ९० जना। (सरकारी निकायकै तथ्याङ्कहरुमा एकरुपता नभएको।

३) रोग नियन्त्रणको लागि क्षेत्रीय स्वास्थ्य निर्देशनालयमा Control Room खडा गरी सूचना, समन्वय तथा औषधी व्यवस्था गर्न केन्द्रबाट एक प्रतिनिधि खटाइएको।

४) जाजरकोट जिल्लाका स्वास्थ्य कार्यालयहरुमा रिक्त दरबन्दीमा स्वास्थ्यकर्मी कर्मचारीहरु करारमा नियुक्त गरेको।

५) रोग प्रभावित जिल्लाहरु जाजरकोट र रूकुममा औषधी वितरण र स्वास्थ्यकर्मी परिचालनका लागि नेपाली सेनाको हेलिकप्टर पुऱ्याएको।

६) नेपाली सेनाले जाजरकोटमा ५ स्थान र रूकुममा ३ स्थानमा स्वास्थ्य शिविर खडा गरी उपचार सेवा प्रदान गरिरहेको। त्यस्तै सशस्त्र प्रहरी बल र जनपथ प्रहरीहरुले पनि तीन ठाउँमा शिविर सञ्चालन गरेको। त्यस्तै जनमुक्ति सेनाले पनि स्वतस्फूत रुपमा एक स्थानमा शिविर सञ्चालन गरिरहेको।

७) सशस्त्र प्रहरी बलको टोलीले (स्वास्थ्य) सुर्खेत जिल्लाका दुई गाविसमा २ स्वास्थ्य शिविर सञ्चालन गरेको। जनपथ प्रहरीको तर्फबाट उपचारका लागि दुईजना मेडिकल चिकित्सकको नेतृत्वमा स्वास्थ्यकर्मीहरु खटिएको।

८) नेपाल रेडक्रस सोसाईटी सुर्खेतले जिल्लाका विभिन्न गाविसमा १ हजार पानी शुद्ध गर्ने water guard वितरण गरिसकेको र पाँच हजार वितरण गर्नका लागि तयारी गरिसकेको। साथै रेडक्रसका स्वयंसेवकहरुले गाउँगाउँमा विरामीहरुलाई सहयोग गरिरहेको र चेतनामूलक कार्यक्रमहरु पनि सञ्चालन गरिरहेको।

**रोग फैलनुको कारण**

१) दिसा मिसिएको प्रदुषित पानीको प्रयोग रोग फैलिने मुख्य कारण।

२) स्वास्थ्य केन्द्रहरुमा सुरूमा जीवनजल र औषधीहरु समेत नभएको।

३) जिल्लामा ल्याब परीक्षणको व्यवस्था नभएको हुँदा परीक्षणविना नै विरामीहरुलाई औषधी वितरण गरिरहेको।

४) स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकीहरुमा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरु नभएकोले रोग समयमा नै नियन्त्रण हुन नसकेको।

५) अज्ञात सरूवा रोग फैलिरहेको भन्ने त्रास र भय जनमानसमा रहेको कारण विरामीका आफ्नै परिवारका सदस्य र गाउँलेहरुले समेत विरामीलाई उपचारमा नलैजाने गरेकाले मृतकहरुको सङ्ख्या बढेको।

६) विभिन्न संस्थाहरुबाट विकीवितरण गर्ने खाद्यान्न (दाल, चामल) को गुणस्तरमा समेत शङ्का गरिएको अवस्था।

**सरकारी कामकारबाहीको अवस्था**

१) उपचारको पहुँचमा आइसकेका ९५ प्रतिशत विरामीहरुको स्वास्थ्य अवस्थामा सुधार भई घर फर्किएको भन्ने सरकारी भनाइ रहेको।

२) सञ्चारमाध्यममा आएको तथ्याङ्क वास्तविक मृतकहरुको तथ्याङ्कभन्दा बढी रहेको भन्ने सरकारी अधिकारीहरुको दावी रहेको।

३) प्रधानमन्त्री माधवकुमार नेपालले झाडापखालाबाट मृत्यु भएका व्यक्तिका लागि १० हजार र घरमूलीकै मृत्यु भएको अवस्थामा थप पाँच हजार रूपैंया राहतस्वरुप उपलब्ध गराउने भनी प्रभावित जिल्लाको भ्रमणका क्रममा दिएको आश्वासन कार्यान्वयन नभएको।

४) उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुलाई थप Motivation तथा पर्याप्त Insentive को व्यवस्था सरकारबाट हुन नसकेको। आर्थिक नियमावलीले ७ दिनभन्दा बढीको लागि दैनिक तथा भ्रमण भत्तामा अवरोध सिर्जना गरेकाले जटिलता उत्पन्न भएको।

५) स्वास्थ्य विभागमा रहेको महामारी तथा रोग नियन्त्रण महाशाखाले समयमै कारक तत्व पत्तालगाउन नसकेकाले यसको भूमिका प्रभावकारी नदेखिएको। जाजरकोट जिल्ला अस्पतालमा तीनजना डाक्टरको दरबन्दी भएकोमा हाल दुईजना मात्र कार्यरत रहेको। प्रकोप प्रभावित अन्य जिल्लाका स्वास्थ्य कार्यालयका रिक्त दरबन्दीमा अझै पनि पदपूर्ति नभएको।

६) जिल्ला दैविक प्रकोप उद्धार समितिले रोग नियन्त्रणका लागि तत्काल समन्वयकारी भूमिका निर्वाह गर्न नसकेको।

७) क्षेत्रीय प्रशासन कार्यालयको भूमिका प्रभावकारी र समन्वयकारी नभएको जनगुनासो पाइएको। सचिवको दरबन्दी रहेको कार्यालयलाई अधिकृतस्तरको कर्मचारीले निमित्त भई चलाईराखेको पाईयो।

८) ..लसम्म पनि झाडापखाला प्रभावित कतिपय दुर्गम क्षेत्रमा औषधी, विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरु नपुगेको।

चुनौतीहरू

१) बिरामीहरु स्वास्थ्य चौकी तथा शिविरसम्म पुग्न नसक्ने तथा स्वास्थ्यकर्मीहरु गाउँ-गाउँहरुमा पुग्न नसक्ने अवस्था रहेकाले रोग नियन्त्रणमा चुनौती कायमै रहेको पाईयो। थप चुनौतीका रुपमा भौगोलिक विकटता र प्रतिकुल मौसम रहेको।

२) जाजरकोट जिल्लाबाहेक अन्य जिल्लाहरुमा रोगलाई महामारीको रुपमा लिने वा नलिने भन्ने सम्बन्धमा चिकित्सकबीचमा नै फरक-फरक मत रहेको।

३) विभिन्न निकाय तथा संस्थाहरुबाट खटिएका उद्दारकर्मीहरुबीच कार्यगत समन्वयको अभाव रहेको।

४) जाजरकोट जिल्लामा स्थानीय प्रशासनले रोग नियन्त्रणको लागि पर्याप्त अग्रसरता नदेखाएको जनगुनासो रहेको।

५) प्रभावित जिल्लाको भौगोलिक विकटता र प्रतिकुल मौसमका कारण रोग नियन्त्रणमा थप समस्या देखिएको र महामारी नियन्त्रण हुन कम्तिमा २ महिना लाग्ने सरकारी निकायको भनाइ।

६) चेतनाको अभाव र विपन्नता रोग नियन्त्रणका मुख्य चुनौती।

**नेपाल सरकारलाई आयोगको सिफारिस:**

१) यो महामारी फैलनुको कारण पत्ता लगाउन साथै त्यसको रोकथाम तथा नियन्त्रणमा जिम्मेवार व्यक्ति वा निकायको पहिचान गरी कारवाही गर्न विशेष छानबिन समितिको गठन गर्ने र सत्यतथ्य सार्वजनिक गर्ने। आगामी दिनमा यस्तो महामारी फैलिन नदिन सावधानीका उपायहरुको अवलम्बन गर्ने।

२) झाडापखाला प्रभावित क्षेत्रलाई यथाशीघ्र स्वास्थ्य सङ्कट क्षेत्र घोषणा गरी रोग नियन्त्रण गर्ने अभियानलाई व्यापक बनाउनु पर्ने। यसका लागि स्वास्थ्यकर्मीहरुको रिक्त दरबन्दी तत्काल पूर्ति गर्नुपर्ने र आवश्यक औषधीको पर्याप्त व्यवस्था मिलाउनुपर्ने। स्वास्थ्यकर्मीहरुको मनोवल उच्च राख्न थप प्रोत्साहन भत्ता, उचित खानपिन र बसोबासको व्यवस्था, जीवन बीमाको व्यवस्था तथा निश्चित समयावधि किटानगरी पठाउनु पर्ने।

३) क्षेत्रीय स्वास्थ्य निर्देशनालय, क्षेत्रीय प्रशासन कार्यालय, जिल्लास्थित सम्बन्धित कार्यालयहरुलाई आवश्यक पर्ने आर्थिक तथा प्रशासनिक अधिकारहरु प्रत्यायोजन गरी रोग नियन्त्रण प्रक्रियामा छिटो निर्णय लिन जिम्मेवार बनाईनुपर्ने। रोग नियन्त्रणका लागि राज्यका सबै निकायले एकीकृत भई गाउँगाउँबाट बिरामीलाई स्वास्थ्य केन्द्रसम्म ल्याई उपचार गर्ने व्यवस्था मिलाउनुपर्ने।

४) रोग नियन्त्रण गर्न तथा मृतकका परिवारहरु (बालबालिका, बृद्ध तथा अशक्त) को संरक्षणका लागि तत्काल छुट्टै विशेष एकीकृत प्याकेज कार्यक्रम सुरू गर्नुपर्ने।

५) बिभिन्न संस्थाहरुबाट बिक्रीवितरण गर्ने खाद्यान्न (दाल, चामल) को गुणस्तरमा समेत शङ्का गरिएको अवस्था भएकाले तत्काले त्यसको जाँचबुझ गर्नु पर्ने। स्वच्छ तथा सफा खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाउने।

६) स्वास्थ्यसम्बन्धी जनचेतनाको अभिवृद्धि गर्न स्थानीय सञ्चारमाध्यमबाट व्यापक प्रचारप्रसारको अभियान सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने।

७) सरकारले सञ्चारमाध्यममा आएका समाचारलाई गम्भीर रुपमा लिई विषयको गहनतालाई मध्यनजर गर्दै तत्काल सम्बोधन गर्नु पर्ने।

■

श्रीमान् सचिवज्यू,
राष्ट्रिय मानव अधिकार आयोग,
हरिहर भवन, पुल्चोक।

**विषयः- जाजरकोट लगायतका मध्य तथा सुदूर पश्चिमका जिल्लाहरूमा झाडापखाला/हैजाबाट सर्वसाधारणको मृत्यु भएको सम्बन्धमा गरिएको अनुसन्धान/अनुगमनको संक्षिप्त तेश्रो प्रतिवेदन।**

उल्लेखित विषयका सन्दर्भमा आयोगबाट मिति २०६६/४/१६ गते देखि २२ गतेसम्म आयोगको निर्देशक सहितको टोलीले गरेको अनुगमनका आधारमा आयोगको केन्द्रिय कार्यालयमा २०६६ श्रावण २० गते गरिएको पत्रकार सम्मेलन तथा नेपाल सरकारलाई गरिएको सिफारिस, मिति २०६६/४/२२ गते देखि २८ गते सम्म आयोगको निमित्त क्षेत्रीय निर्देशक समेतको टोलीले झाडा प्रभावित क्षेत्रमा गरेको अनुगमन, उक्त क्षेत्रमा (विश्व खाद्य कार्यक्रम) बाट वितरित खाद्यान्नको नमूना संकलन, प्रयोगशाला परीक्षण र सोको परीक्षण प्रतिवेदन, तथा सोही सम्बन्धमा मिति २०६६/५/२२ गते आयोगको केन्द्रिय कार्यालय हरिहर भवनमा सरोकालावाला निकाय तथा सरकारी निकायका पदाधिकारीहरूको संस्थागत धारणा सहित आयोगले गरेको अन्तरक्रियाको सन्दर्भमा उठेका प्रश्नहरू, सञ्चार माध्यममा आएका खाद्यान्न आपूर्ति र गुणस्तरसम्बन्धी समाचारहरूको आधारमा आयोगबाट भैरहवा स्थित भन्सार कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्लान्ट क्वारिन्टाइन कार्यालय, सीमा सुरक्षा बल, राजस्व भन्सार गस्ती, पशु क्वारेन्टनइन, नेपाल खाद्य संस्थान, स्थानीय पत्रकारहरू, मानव अधिकारकर्मीहरूसंग मिति २०६६/५/२४ गते देखि २७ गते सम्म छुट्टाछुट्टै गरेको छलफल, सोधपुछ तथा प्रमाण संकलनको आधारमा तपसिल बमोजिमका तत्थ्यहरू पाइएको व्यहोरा अनुरोध गर्दछौं :-

१) बिरूवा संरक्षण ऐन २०६४को दफा ३२ बमोजिम भन्सार ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि बिरूवा वा बिरूवाजन्य उपज नेपाल भित्र प्रवेश गर्नु अगाडि प्लान्ट क्वारिन्टाइन चेक पोष्टको अनुमति पत्र प्राप्त गरी भन्सार सम्बन्धी प्रकृया अगाडि बढाउनु पर्नेमा त्यसो नगरी WFP को नाममा पैठारी गरिएको दाल, चामल नेपाल प्रवेश भएको पाइएको।

२) प्लान्ट क्वारिन्टाइन कार्यालय, भैरहवाबाट बिरूवा संरक्षण ऐनको प्रावधान सम्बन्धमा भैरहवा भन्सार कार्यालयलाई लिखित पत्राचार गरेको, भन्सार कार्यालयका प्रतिनिधिसँगको छलफल, अन्तरक्रिया, गोष्ठिहरूमा पनि सो कार्यालयले उक्त ऐनको प्रावधान सम्बन्धमा जानकारी गराएको बुझिएको ।

३) भन्सार विभागको मिति २०५९/५/३१ को निर्णय तथा च.नं.५९८ मिति २०५९/६/१ को परिपत्रबाट सबै मूल भन्सार कार्यालयहरूलाई (भैरहवा भन्सार कार्यालय पनि मूल भन्सार नै रहेको) बिरूवा उत्पादन पैठारी निकासी गर्दा प्लान्ट क्वारेन्टाइन परीक्षण गराई निकासी/पैठारी इजाजत पत्र लिनुपर्ने भनिएको पाइयो। तर नेपालबाट खाद्य बस्तु निकासी गर्दा उक्त प्रावधान कार्यान्वयन गरिएता पनि पैठारी गर्दाको हकमा भने सो प्रावधान हालसम्म पनि लागू नभएको पाइयो। त्यस्तै, नेपाल राजपत्रमा मिति २०६१/८/२१ गते प्रकाशित कृषि तथा सहकारी मन्त्रालयको सूचनाअनुरूपको Phytosanitary Certificate (बिरूवा वा बिरूवाजन्य उपजको स्वस्थता प्रमाण पत्र) पेश गरेपछि मात्र पैठारी गर्न पाउने व्यवस्थाको अनुसरण नभएको पाइयो ।

४) नेपाल विश्व व्यापार संगठन WTO को सदस्य भएपश्चात आयात निर्यातमा पूरा गर्नुपर्ने अन्तराष्ट्रिय मापदण्ड अनुरूप नेपालबाट निकासी भैजाने समानमा प्लान्ट क्वारिन्टाइन कार्यालयको चेकजाच अनिवार्य गर्ने गरेको तर नेपाल भित्र पैठारी हुने बिरूवाजन्य उपजहरूको चेकजाच गर्ने गराउने सम्बन्धमा दुबै कार्यालयहरू बिच हुनुपर्ने समन्वयको स्थिति कमजोर रहेको पाइयो।

५) मिति २०६६/३/१४ भन्दा अघि खाद्य ऐन २०२३ अनुरूप WFP को नामबाट/WFP संग सम्बन्धित ढुवानी कर्ताहरूबाट आयात हुने खाद्यन्न दाल, चामलको गुणस्तरको सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट परीक्षण हुने गरेको पाइएन ।

६) खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवाबाट मिति २०६६/३/१४ देखि २०६६ असार मसान्तसम्म ३१ पटक WFP बाट आयात भएको चामलको नमूना र त्यसपछि श्रावण १ गते देखि २०६६ भाद्र २४ गतेसम्म चामलका ४१ बटा नमूना परीक्षण भएको पाइयो। समान्यतया १६.५ मेट्रिक टन बराबरको लटबाट गुणस्तर परीक्षणको लागि मिति २०६६/३/१४ देखि मात्र भन्सार कार्यालय भैरहवाले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा एउटा मात्रै नमूना पठाउने गरेको बुझियो ।

७) भन्सार कार्यालयबाट परीक्षणका लागि पठाइएका नमूनाहरू मध्ये WFP को सहयोग

स्वरूप प्राप्त श्यामबाबा इन्टरप्राइजेज, पडसरी, रूपन्देहीको नामबाट आयात भएको १६.५ मेट्रिक टन चामलको नमूना परीक्षणका लागि मिति २०६६/३/३० मा पठाइएकोमा उक्त लटको चामल खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवाले गुणस्तरहीन ठहर गरेको पाइयो।

८) २०६६ असार ३० गते चेकजाँचबाट गुणस्तरहीन ठहर भएको १६.५ मेट्रिक टन चामल २०६६ भाद्र महिनाको तेश्रो हप्तामा भन्सार कार्यालय भैरहवाबाट आयातकर्ताले एकहप्ता भित्र त्यत्तिनै परिमाणमा गुणस्तरीय चामल पैठारी गर्ने शर्तमा फिर्ता गर्न लगाएको प्रमुख भन्सार अधिकृतबाट बुझियो।

९) नेपाल भित्र पैठारीहुने खाद्यान्नको नमूना चेकजाँचका लागि भन्सार कार्यालयले चाहेमा मात्र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा पठाउने गरिएको पाइयो। त्यसरी चेकजाँचको लागि पठाउँदा भन्सार अधिकृतले नाङ्गो आखाले हेर्दा परीक्षण गराउन पर्ने आवश्यक ठानेमा प्रत्येक लटमा जतिसुकै परिमाणमा चामल पैठारी भएपनि कुनै एउटा गाडिको एउटा बोराबाट मात्र नमूना लिई परीक्षणका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा पठाउने गरेको बुझियो।

१०) तथा गुण नियन्त्रण कार्यालय र भन्सार कार्यालयको दुरी अस्वाभाविक रूपमा टाढा रहेको पाइयो।

११) WFP को नामबाट आयात हुने सम्पूर्ण चामल भारतबाट मात्रै आयात हुने गरेको पाइयो। यसरी दातृ निकायहरूबाट सहयोग स्वरूप प्राप्त हुने खाद्यान्नका कुनै पनि बोरामा दातृ निकायको छाप तथा लोगो, चलानी नम्वर, उत्पत्ति स्थल, उपभोग्य मिति लगायतका कुनै पनि कुराहरू अङ्कित गर्ने गरेको पाइएन। तर खाद्यान्न वितरण स्थल रूकूम, जाजरकोट, मुगु, दैलेख, डोल्पा लगायतका जिल्लाहरूमा WFP को लोगो अङ्कित खाद्यान्नका बोराहरू अनुगमनको क्रममा पाइएको हुँदा उक्त निकायको नामबाट वितरण हुने खाद्यान्न नेपालमा नै संवेष्ठन (एवअपष्लन) हुने गरेको बुझियो।

१२) दातृ निकायहरूबाट सहयोग स्वरूप प्राप्त हुने खाद्यान्नहरूमा पूर्ण भन्सार छुट हुने गरेको पाइयो, तथा मिति २०६६/३/१४ अघिसम्म गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।

१३) जिल्ला प्रशासन कार्यालय रूपन्देहीको च.नं.४४२२ मिति २०६३/११/१ गतेको प्रमुख जिल्ला अधिकारीबाट हस्ताक्षरित पत्रबाट भैरहवा भन्सार कार्यालयलाई "भारतबाट पैठारी भई आउने चामल परीक्षण गरेर मात्र जाँचपास हुँदा व्यापारमा अपचलन हुन गै राजस्वमा समेत कमी आउने भनी अब आइन्दा त्यसरी पैठारी हुन

आउने चामल भन्सार अधिकृतले सामानको भौतिक परीक्षण गर्दा परीक्षण गर्न पर्ने आवश्यक भएमा मात्र परीक्षण गराई जाँचपास गर्ने अन्यथा विना परीक्षण जाँचपास गर्ने व्यवस्था गर्नुहुन" भनी अनुरोध भैगएको पाइयो।

तर, उक्त आदेश खाद्य ऐन २०२३ को प्रस्तावना र दफा ८ मा उल्लेखित प्रावधान विपरित रहेको देखिन्छ। सो ऐनमा खाद्य पदार्थको परीक्षण तोकिएको अनुसन्धानशालामा गराउनुपर्ने भन्ने व्यवस्था गरिएको छ।

१४) जिल्ला प्रशासन कार्यालय रूपन्देहीवाट मिति २०६३/११/१ मा भन्सार कार्यालयलाई भैगएको आदेश विपरित जिल्ला प्रशासन कार्यालय रूपन्देहीकै च.नं.७५१७ मिति २०६६/३/११ गतेको पत्रवाट उनै प्रमुख जिल्ला अधिकारीले हस्ताक्षर गरेको पत्रवाट भैरहवा भन्सार कार्यालयलाई "खाद्यान्नको लागि भारतवाट आउने चामललाई नेपाल टु नेपालवाट आएको बनाई वजारमा बिक्रि वितरण गरेको सन्दर्भमा त्यहाँ भन्सार नाका भएर आउने सम्पूर्ण चामल समेतका खाद्य वस्तुहरू क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवावाट परीक्षण गराई विश्लेषण प्रतिवेदनका आधारमा मात्र भित्र्याउने व्यवस्था हुन पुनः अनुरोध" भैगएको पाइयो। उक्त जिल्लामा मिति २०६३/४/१४ गते देखि २०६६/३/२५ गते स्वेच्छिक अवकाशको अवधिसम्म एउटै प्रमुख जिल्ला अधिकारी कार्यरत रहेको पाइयो।

१५) मिति २०६६/४/४ मा पशु क्वारेन्टाइन कार्यालय भैरहवावाट बिरूवा संरक्षण ऐन २०६४ को प्रावधान विपरित अन्नपूर्ण एग्रो इन्डस्ट्रीज प्रा.लि. रूपन्देहीले पैठारी गरेको ३५,२०५ कि.ग्रा. मकैको दाना जाँच गराई भन्सार कार्यालयवाट छाडिएको सन्दर्भमा बुझ्दा छ वाट पैठारी गरिएको चामल तथा दालको सम्वन्धमा पनि त्यसो गरिएको छ कि भनी बुझ्दा उक्त कार्यालयवाट हाल सम्म त्यसरी चामल तथा दालको क्वारेन्टाइन चेकजाँच पास नगरिएको बुझियो।

१६) भन्सार गस्ती प्रहरीले कुनै ठाउँमा अखाद्य वस्तु रहेको शंका लागी छापा मार्नु पर्ने अवस्था भएमा भन्सार कार्यालयका प्रतिनिधि र उद्योग वाणिज्य संघको प्रतिनिधिसमेतको रोहवरमा मात्रै छापा मार्न सक्ने भएकोले छापा मार्ने कुराको सूचना वाहिर जान सक्ने र वास्तविक दोषीले उन्मुक्ति पाउन सक्ने अवस्था रहेको बुझियो।

## आयोगवाट नेपाल सरकारलाई गर्नुपर्ने सिफारिसहरू

१) जिल्ला प्रशासन कार्यालय रूपन्देही तथा भैरहवा भन्सार कार्यालयवाट खाद्य वस्तुको पैठारीका सम्वन्धमा अपनाइएको फरक-फरक मापदण्ड तथा खाद्य ऐन, २०२३ को

प्रस्तावनाको भावना र दफा ८ को व्यवस्था, बिरूवा संरक्षण ऐन, २०६४ को दफा ३२ एवम् उपभोक्ता संरक्षण ऐन २०५४ मा भएका दफा १५ का व्यवस्थाहरूको पालना भएको नदेखिंदा खाद्य वस्तुको गुणस्तर मानव स्वास्थ्य र जीवनको अधिकारसँग सम्बन्धित मानव अधिकारकै विषय भएतापनि आयोगको प्रारम्भिक अनुसन्धान/अनुगमनबाट सामान निकासी/पैठारी प्रकृयामा सरोकारवालाहरू पैठारीकर्ता, भन्सार कार्यालय, जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट भएका कार्यहरू कानूनसम्मत नदेखिएकाले यस विषयलाई सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा विस्तृत छानबीनका लागि सिफारिस साथ अनुरोध गर्न उपयुक्त हुने। भैरहवा भन्सार लगायत अन्य भन्सार कार्यालयहरूबाट खाद्यान्न आपूर्ति सम्बन्धमा भएका काम कारवाहीहरूको बारेमा छानबिन तथा अनुसन्धान गर्नुपर्ने।

२) कुनै पनि दातृ निकायले सहयोगस्वरूप प्रदान गर्ने खाद्य वस्तु पैठारी गर्दा उक्त वस्तुको उत्पत्तिस्थल, गुणस्तर प्रमाणपत्र, आयातकर्ताको परिचय झल्कने चिन्ह, अक्षर, खाद्य वस्तु वितरण गरिने क्षेत्र, लक्षित वर्ग, उपभोग्य मिति आदि पैठारी भै आउने खाद्य वस्तुमा अनिवार्यरूपमा उल्लेख गर्न लगाई सो को अभिलेख राख्ने व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने।

३) दातृ निकायहरूमार्फत स्वविवेकमा सोझै खाद्य सामाग्री वितरण गर्ने परिपाटीको अन्त्य गरी सरकारी स्वामित्वमा रहेका खाद्य आपूर्ति गर्ने संस्थाहरूलाई नै बढी जिम्मेवार बनाई खाद्य सामाग्रीहरूको भण्डारण, संरक्षण, गुणस्तर परीक्षण तथा वितरण गर्न, गराउनको लागि नेपाल सरकारलाई सिफारिस गर्नु पर्ने।

४) भन्सारसँग सम्बन्धित कार्यालय, प्लान्ट तथा पशु क्वारेन्टाइन, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भन्सार गस्ती प्रहरी आदिको काममा प्रभावकारी समन्वय गरी सेवाग्राहीलाई छिटो सेवा प्रदान गर्न तथा सो को प्रभावकारी अनुगमन गर्ने, गराउने व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने।

५) खाद्य ऐन, २०२३ लाई समय सापेक्षरूपमा पुनरावलोकन, परिमार्जन, संशोधन गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने।

■

अनुसूची ३

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन शाखा)

रुपन्देही

प्र.जि.अ. ५२०३३० निवास
फोन ५२०१४१ का.
५२०१४८ "
५२११५८ "

सिद्धार्थनगर

पत्र संख्या :- ०६८।६९

मिति :- २०६८।२।१२

चलानी नम्बर :- ५६२२

विषय : परीक्षण बारे ।

श्री भैरहवा भन्सार कार्यालय

बेलहिया ।

यस कार्यालयको प.सं. ०६८।६९ च.नं. ४९५५ मिति ०६८।२।२८ को पत्र प्राप्त गर्दै भन्ने होला भारतबाट पैठारी भै आउने चिनापाट, दुग्ध, तोरी तेल, घिउ र तोरी गेडा जस्ता वस्तु बाहेक अन्य खाद्य पदार्थ चामल गहुँ आदि अन्य भन्सार कार्यालयहरुबाट परिमाण बेगर पैठारी हुने गरेको भन्ने बुझिन आएको र त्यस नाकाबाट पैठारी हुने खाद्य पदार्थ परिमाण गरेर मात्र जाँचपास हुँदा व्यापारमा असहज हुन गै राजश्वमा समेत कमि आउने गर्दा एकमुष्ट परिमाण गरिएका सामान सबै गुणस्तर मिति पैठारी हुन आएको बुझिएकोले हुँदा अब उप्रान्त त्यस नाकाबाट पैठारी हुने अति हेक्सिकरी खाद्य पदार्थ, तोरी गेडा तथा घिउ र तेल जस्ता पदार्थ बाहेक अन्य खाद्य पदार्थ चामल, बिस्कुट, मसला जस्ता वस्तुहरु पैठारी हुन आएमा भन्सार अधिकृतले सामानको भौतिक परीक्षण गर्दा परीक्षण गर्नु पर्ने आवश्यक भएमा मात्र परिमाण गराई जाँचपास गर्ने अन्यथा बिना परिमाण जाँचपास गर्ने व्यवस्था गर्दै हुन अनुरोध गरिन्छ ।

(हस्ताक्षर) २०६८।२।१२

प्रमुख जिल्ला अधिकारी

बोधार्थ :-

श्री क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय,
भैरहवा ।

श्री उद्योग वाणिज्य संघ,
सिद्धार्थनगर, भैरहवा ।

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

( प्रशासन शाखा )

रुपन्देही

पत्र संख्या: ०६६/०६६
चलानी नं: ६४९६

सिद्धार्थनगर
मिति: २०६६/१२/११

विषय: [illegible]

श्री [illegible]
[illegible], सिद्धार्थनगर ।

[illegible]

प्रमुख जिल्ला अधिकारी

[illegible]

FROM : SIDDHARTHANAGAR FAX NO. : 0977071521619 Sep. 17 2009 12:11PM P1

# सिद्धार्थनगर उद्योग वाणिज्य संघ, रुपन्देही

Siddharthanagar Chamber of Commerce & Industry, Rupandehi

(स्थापित : २०४१ साल)

प.सं. :
६६२।६६(२२६)
च.नं. :

२०६६/१०/२४
मिति :

श्रीमान् प्रमुख भन्सार अधिकृतज्यू
भैरहवा भन्सार कार्यालय
भैरहवा ।

विषय :- विश्व खाद्य कार्यक्रमको खाद्यान्न आयात सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा विश्व खाद्य कार्यक्रम (WFP) अन्तर्गतको कोटामा स्विकृत भएको टेण्डरको खाद्यान्न वस्तु आयात भई आउँने क्रममा भन्सार सुविधा प्राप्त गरी भित्रिने गर्दछ र उक्त खाद्यान्न (चामल) मुख प्रयोजनको लागि आयात गरिएको हुन्छ त्यस्ता नपठाई बजारमा सिधै बिक्री वितरण हुने गरेको गुनासो स्थानिय उद्योगी व्यापारीबाट आएको हुँदा संघको ध्यानाकर्षण भएको छ ।

उक्त प्रयोजनको खाद्यान्न खुल्ला बजारमा बिक्री वितरण हुनु अवैधानिक तथा सरकारले प्रदान गरेको भन्सार (राजस्व) छुटको दुरुपयोग समेत हुने ठहर छ । यस किसिमको विशेष प्रयोजनको खाद्यान्न (चामल) आयात गर्ने संस्थाको नाम उल्लेखित Printed Bag मा आउँनु पर्नेमा, सामान्य बोरामा आएको हुँदा, यस किसिमको खाद्यान्न वस्तु, सम्बन्धित संस्थाको नाम र उद्देश्य खोलिएको printed Bag मा मात्र आयात गर्ने व्यवस्थाको लागि अनुरोध गर्दछौं । साथै उक्त प्रयोजनको खाद्यान्न उल्लेखित स्थान सम्म पुगे-नपुगेको अनुगमन हुन सकेको खण्डमा यस किसिमको राजस्व छली र अवैधानिक कार्यमा नियन्त्रण आउँने समेत देखिन्छ ।

सहयोग तथा सद्भावको लागि धन्यवाद ।

भवदीय,

महेन्द्र कुमार श्रेष्ठ
अध्यक्ष

D:\recentbackup\My document\data\offical letter.doc\offical letar

[illegible] सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी (नेपाल) ☎ ०७१-५२०१५६, [illegible]

FROM :RFTQC FAX NO. :071520157 18 Sep. 2009 12:20PM

नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

# क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय

भैरहवा, रुपन्देही

मिति .........
२०६६/६/

पत्र संख्या :- ०६६/०६७
चलानी नम्बर :- ४०८
तपाईको पत्र संख्या र मिति :-

**विषय** :- विश्व खाद्य कार्यक्रमको लागि आयात हुन लागेको चामलको गुणस्तर सम्बन्धमा ।

श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा भैरहवा भन्सार कार्यालयको च. नं. ३८४४ मिति २०६६/६/३० को पत्रसाथ प्राप्त, भन्सार प्रज्ञापन दर्ता नं. LKA२९४२५ मार्फत श्यामबाबा इन्टरप्राईजेज, पडसरी रुपन्देहीले विश्व खाद्य कार्यक्रमको लागि आयात गर्न लागेको चामलको नमुना जाँच विश्लेषण गरी हेर्दा अतीरिक्त दाना तोकिएको अधिकतम सिमा भन्दा बढी हुन गएको एवं उक्त नमुनामा उल्लेख्य मात्रामा कीराहरुको उपस्थिति पाईएकाले नेपाल सरकारले खाद्यान्नको लागि तोकेको अनिवार्य गुणस्तर परिधि भित्र नपरेको हुँदा यस्तो पुरानो न्यून गुणस्तरको र भौतिक रुपमा कीराबाट क्षतिग्रस्त चामल आयात एवं बिक्री वितरण हुनबाट रोक्न तहाँ विभागबाट आवश्यक कारवाही हुन जानकारीको साथ अनुरोध छ ।

(किशोर खत्री)
कार्यालय प्रमुख
कार्यालय प्रमुख

बोधार्थ :-
श्री भैरहवा भन्सार कार्यालय, रुपन्देही ।

# Govt takes cautious approach to GM foods

*By Suvecha Pant*

KATHMANDU, April 12 : While the international debate on the pros and cons of Genetically Modified (GM) foods on human health continues, and experts remain divided on the issue, Nepal is taking up a 'precautionary' approach as it braces itself to make labelling of GM foods mandatory.

"We will soon make the labelling of GM foods mandatory," said Tika Bahadur Karki, Director General, Department of Food Technology and Quality Control. The regulation, according to Karki, is likely to be enforced within this year.

The regulation will help in identifying the products that contain GM organisms in Nepal. Till date, there is no concrete evidence to support the presence of GM foods or seeds. That, however, does not mean such foods are totally absent.

"Although it has not yet been proved that GM foods are in Nepal, the chances are high," said Prof Dayananda Bajracharya, Vice Chancellor of the Royal Nepal Academy of Science and Technology (RONAST). " Imported foods such as corn, canned tomatoes could be genetically modified," he added.

The mandatory labelling is a necessary step in identifying GM foods in market, but not a sufficient one, say experts.

"We need to test food products to determine whether they are genetically modified," said Bajracharya.

According to Karki, the establishment of a 'clearing house' - a laboratory for testing of GM foods/seeds - will be the next step in the determination of GM organisms. To test whether food contains Genetically Modified Organisms (GMOs) is determined after testing the food's 'polymerage chain reaction (PCR)' on a PCR apparatus.

"However, the methods of testing are also still under debate," added Karki.

Currently, the World Health Organisation (WHO) and Food Agriculture Organisation (FAO) are jointly undertaking research to find a standard for testing of genetically modified food products. The Codex Alimentarius Commission (Codex) is the body under WHO/FAO that is developing the principles for the human health risk analysis of GM foods.

"The principles are at an advanced stage of development and are expected to be adopted in July 2003," said Karki. "According to the standard methods published by this research, we will form policies for the development of a testing lab in Nepal."

So, what are GM foods? Generally, GM foods - also called "Frankenfood or transgenic foods" - contain gene transplants from other plants or even animals.

There have been sporadic incidents of side effects of GM foods, such as allergy on its consumers, but till date no one has died from consumption of GM foods. While many groups have opposed GM crops, others argue there is a moral case for introducing GM technology to developing countries, to help tackle poverty and hunger. "While international debate is going on whether GM foods are safe or not, Nepal needs to take a precautionary measure," said Ratnakar Adhikari, Executive Director of the South Asia Watch on Trade, Economics and Environment.

"Measures like labelling of GM foods would give consumers a choice and they can decide if they want to consume such foods," added Adhikari. Recently, Nepal has also signed the Cartagena Protocol on Biosafety (CPB). The CPB is an environmental treaty, which after ratification from 50 countries, will regulate transboundary movements of living modified organisms (LMOs).

GM foods are within the scope of the protocol only if they contain LMOs that are capable of harming the environment. Nepal signed the Cartegena Protocol on March 2, 2001 but has not yet ratified the protocol.

UN World Food Programme
Nepal

विश्व खाद्य कार्यक्रम

Ref:0009/ORG/107

4 September 2009

Mr. Subodh Raj Pyakurel
Chairperson INSEC
INSEC – Kathmandu
Nepal

Dear Mr. Pyakurel,

Thank you for writing our regional office. We appreciate you raising these issues and we take the claims that you've made seriously. Our primary concern is always the safety of the people that we serve in Nepal.

As I think you are aware, after your press presentation in Nepalgunj, we tried to contact you, the Deputy and other staff members of INSEC to discuss these allegations. However, your office claimed you were out of the country, your Deputy wasn't available and then Ms. Preskcha Ojha canceled a planned meeting. Furthermore, Ms Heather Sutliff in an email response to you also offered to meet. Should you be willing, we remain open to discussing your claims.

With respect to our position, multiple medical and health professionals have said dry food rations can not be the cause of the epidemic in the Mid and Far West. Medically speaking there is no such thing as a diarrhea outbreak. Diarrhea is a symptom of something else, cholera, ecoli, salmonella ect. The application of heat through cooking dry rations kills these or any other pathogens that might exist. Trying to conclude otherwise confuses people about the causes of the epidemic. We must clearly keep the focus on the real cause's which are contaminated water, poor sanitation and unhealthy hygiene practices. While you may claim that you never said food caused the epidemic, many press reports show both you and other members of INSEC did make this claim. While you may argue that you have no control over the press, you use inaccurate press reports in your letter to us as a reference, and you use press conferences rathel than dialogue to state your allegations.

We are feeding over two million people in your country with over 100,000 metric tons this year. Food, along with development, is now being delivered for the first time into some the most remote locations in the country. The scale of such an operation is immense.

When our food is turned around in cases like those sighted in your chronology this is evidence that our food quality control works. At any time during our distribution process if food quality is at question, we replace it. With respect to claims by the National Laboratory that we've ignored them this is simply not true. We use the Nepal Food Corporation (NFC) and the private organization Center for Quality Services (CQS) for all testing. All of the bacteriological testing that we undertake is done by labs in India that are internationally certified. We would prefer to use a domestic lab but the turn around time is slow and this lab isn't yet internationally certified. Should the Government of Nepal require that their national lab be used for testing, we are more than happy to comply.

UN World Food Programme, Chakupat, Patan Dhoka Road
P.O. Box 107, Kathmandu, Nepal
Tel : 5542607, 5535694, Fax : 977-1-524101,
Email: name.surname@wfp.org

You also reference in your chronology issues around alleged sale of WFP food. I'm not sure why you've raised this issue since it has little to do with either human rights or the epidemic. Firstly, we don't sell any foods. We have contracts with suppliers and all of the amounts requested for in those contracts are provided for our programs at no charge. However, people under Food for Work program do work related development for a food wage. We have no oversight or control over the import of food from India, this is completely the responsibility

of Nepal customs officials. If suppliers are violating customs laws in WFP's name as traders Rudpandehi district suggest we are more than happy to cooperate with the Government on this matter, but we have no capacity to enforce controls on what is a sovereign issue.

Again, I appreciate your work and think this debate has raised the level of importance which should be attached to hunger in Nepal. I'm happy that a respectable organizations such as INSEC I remain open to discussing this or any other concerns you might have.

Best regards,

Richard Ragan
Representative

CC :
Mr. Surendra Pande, Finance Minister, Ministry of Finance, Singha Durbar, Kathmandu

Mr. Rameshwor Prasad Khanal, Finance Secretary, Ministry of Finance, Singha Durbar, Kathmandu

Mr. Bajra Kishor Prasad Sah, Secretary Ministry of Agriculture and Cooperatives, Singha Durbar

All UNCT members

All Donor list



आयोगले आयोजना गरेको परामर्श कार्यक्रमका सहभागीहरू



आयोगले प्रभावित क्षेत्रबाट संकलन गरी ल्याएको खाद्यान्न नमूना राखिएको खाम

# राष्ट्रिय मानवअधिकार आयोग, नेपाल


## केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोष्ट बक्स नं. ९१८२, काठमाडौं
फोन: ०१-५०१००१५, फ्याक्स: ९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org/ वेबसाइट: www.nhrcnepal.org

## क्षेत्रीय कार्यालयहरू

**विराटनगर**
फोन: ०२१-४६१९३१, ४६१०९३

**जनकपुर**
फोन: ०४१-५२७८११, ५२७८१२

**पोखरा**
फोन: ०६१-४६२८११, ४६२८२२

**नेपालगञ्ज**
फोन: ०८१-५२६७०७, ५२६७०८

**धनगढी**
फोन: ०९१-५२५६२१, ५२५६२२

## सम्पर्क कार्यालयहरू

**खोटाङ**
फोन: ०३६-४२०२८४

**बुटवल**
फोन: ०७१-५४६९११

**जुम्ला**
फोन: ०८७-५२०२२२